# प्रदेश राजपत्र

**गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित**

**खण्ड ०७) पोखरा, वैशाख १३ गते, २०८१ साल (सङ्ख्या ०१**


## भाग २

### गण्डकी प्रदेश सरकार

### <u>उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सूचना</u>

### गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८०

गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरूको नाम "गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा, -

(क) "ऐन" भन्नाले गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "रुग्ण उद्योग सिफारिस समिति" भन्नाले नियम २८ बमोजिम गठन भएको रुग्ण उद्योग सिफारिस समिति सम्झनु पर्छ।

३. **निवेदन दिनु पर्नेः** (१) ऐनको दफा ४ को उपदफा (१) बमोजिम उद्योग सञ्चालन गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले देहायका कागजात र विवरणसहित उद्योग दर्ताका लागि अनुसूची-१ को ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) निवेदक फर्म भएमा फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी दर्ताको प्रमाणपत्र, प्रवन्ध पत्र र नियमावलीको प्रतिलिपि,

(ग) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भएमा सोको अख्तियारी पत्र,

(घ) साझेदारीमा उद्योग स्थापना गर्न चाहेको भएमा साझेदारबीच भएको सम्झौताको प्रतिलिपि ।

(२) उपनियम (१) बमोजिम उद्योग दर्ताको लागि निवेदन दिँदा निवेदनसाथ अनुसूची-२ बमोजिमको ढाँचामा तयार गरेको परियोजना विवरणसमेत पेश गर्नु पर्नेछ।

४. **उद्योग दर्ताको प्रमाण पत्र दिनु पर्नेः** (१) नियम ३ बमोजिम प्राप्त निवेदनसाथ संलग्न कागजात जाँचबुझ गर्दा उद्योग दर्ताका लागि उपयुक्त देखिएमा सात दिनभित्र उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योग दर्ता गरी सम्बन्धित निवेदकलाई अनुसूची-३ बमोजिमको ढाँचामा उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दिइने उद्योग दर्ताको प्रमाणपत्रमा ऐनको दफा ५ को उपदफा (३) मा उल्लिखित विवरणका अतिरिक्त अनुसूची-४ बमोजिम उद्योग सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्ने अवधि समेत उल्लेख गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम उद्योग दर्ता गर्न नमिल्ने देखिएमा उद्योग दर्ता गर्ने निकायले ऐनको दफा ५क. को उपदफा (२) बमोजिम उद्योग दर्ता हुन नसक्ने आधार र कारण खुलाइ सात दिनभित्र सम्बन्धित निवेदकलाई लिखित सूचना दिनु पर्नेछ।

५. **उजुरी दिन सक्नेः** (१) उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ता गर्न अस्वीकार गरेको निर्णय उपर चित्त नबुझेमा सम्बन्धित निवेदकले सूचना पाएको मितिले पन्ध्र दिनभित्र अनुसूची-५ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष उजुरी दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको उजुरी प्राप्त भएमा मन्त्रालयले जाँचबुझ गरी एक महिनाभित्र आवश्यक निर्णय गरी सम्बन्धित निवेदकलाई जानकारी दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको निर्णय उपर चित्त नबुझेमा निवेदकले जानकारी पाएको मितिले पन्ध्र दिनभित्र प्रदेश सरकार समक्ष पुनरावेदन गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिमको पुनरावेदन उपर प्रदेश सरकारले दुई महिनाभित्र आवश्यक निर्णय गर्नेछ ।

६. **वातावरणीय प्रतिकूल असरको निराकरण गर्नु पर्नेः** (१) ऐनको दफा ५ बमोजिम दर्ता भएको उद्योगले प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने भएमा सोको प्रतिवेदन स्वीकृत भएपछि मात्र त्यस्तो उद्योगको स्थापना, सञ्चालन, व्यवसायिक उत्पादन र कारोबार प्रारम्भ गर्नु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप, उद्देश्य परिवर्तन, उद्योगको ठाउँसारी र स्थानान्तरण गर्नु पर्दा प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने भएमा सो समेत गर्नु पर्नेछ।

(३) उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको न्यूनीकरणको जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ।

(४) यस नियम बमोजिम वातावरणीय प्रभावको न्यूनीकरण गरे नगरेको सम्बन्धमा उद्योग दर्ता गर्ने निकायले आवश्यकता अनुसार अनुगमन गरी निर्देशन दिन, कारबाही गर्न वा कारबाहीको लागि मन्त्रालय समक्ष सिफारिस गरी पठाउन सक्नेछ।

(५) प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नु नपर्ने उद्योगले उद्योग दर्ता गर्नको लागि निवेदन दिँदा वातावरणीय अध्ययन गर्नु नपर्नाको आधार र कारणसहित आफ्नो उद्योग स्थापना तथा सञ्चालन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव न्यूनीकरण गर्न आवश्यक उपाय अवलम्बन गर्ने स्वःघोषणा गर्नु पर्नेछ।

७. **उद्योग सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनु पर्ने:** (१) ऐनको दफा ५ बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधिभित्र उद्योग सञ्चालन, आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ र सोको जानकारी तीस दिनभित्र उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ।

(२) कुनै उद्योगले उपनियम (१) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनुभन्दा कम्तीमा तीस दिन अगावै त्यस्तो अवधि थपको लागि अनुसूची-६ को ढाँचामा देहाय बमोजिमको बिलम्व शुल्क सहित निवेदन दिनु पर्नेछः-

(क) घरेलु तथा साना उद्योगको हकमा पन्ध्र हजार रुपैयाँ,

(ख) मझौला उद्योगको हकमा पचास हजार रुपैयाँ,

(ग) ठूला उद्योगको हकमा एक लाख पचास हजार रुपैयाँ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदनको सम्बन्धमा कुनै थप विवरण वा कागजात आवश्यक पर्ने देखेमा उद्योग दर्ता गर्ने निकायले निवेदकलाई सात दिनभित्र त्यस्तो विवरण वा कागजात पेश गर्न लगाउन सक्नेछ।

(४) उपनियम (३) बमोजिम माग गरिएको विवरण वा कागजात प्राप्त भएको पन्ध्र दिनभित्र उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिमा एक पटकमा बढीमा एक वर्षको लागि सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम अवधि थपिएकोमा सम्बन्धित उद्योगले सो अवधिभित्र उद्योगको सञ्चालन, आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ।

(६) उपनियम (४) बमोजिम कुनै उद्योगको सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप हुन नसकेकोमा त्यस्तो निर्णय भएको सात दिनभित्र सोको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

(७) उपनियम (४) बमोजिम कुनै उद्योगको सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप हुन नसकेमा त्यस्तो उद्योगलाई दिइएको दर्ता अनुमति स्वतः निष्क्रिय भएको मानिनेछ।

८. **विद्युतीय माध्यमको प्रयोगः** (१) ऐनको दफा ८ बमोजिम उद्योग दर्ता गर्ने निकायबाट सम्पादन हुने उद्योग दर्ता, नामसारी, नाम परिवर्तन, स्थानान्तरण,

पूँजी तथा क्षमता वृद्धि, उद्देश्य थप वा परिवर्तन, नवीकरण, खारेजी सम्बन्धी कार्यका लागि निवेदन लिँदा, सो सम्बन्धी जानकारी दिँदा वा उद्योग प्रशासन सम्बन्धी अन्य कार्य गर्दा विद्युतीय माध्यमको समेत प्रयोग गरी अभिलेख राख्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम कार्य सम्पादन गर्दा तयार गरिएको अभिलेखलाई विद्युतीय माध्यममा रूपान्तरण गरी पोर्टलमा आवद्ध गर्नु पर्नेछ।

(३) ऐन बमोजिम छुट, सुविधा र सहुलियत प्राप्त गर्नका लागि विद्युतीय पोर्टल सञ्चालनमा आएपश्चात सबै उद्योगले त्यस्तो पोर्टलमा आवद्ध भई विवरण समेत अद्यावधिक गराएको हुनु पर्नेछ।

९. **उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनु पर्ने:** (१) ऐनको दफा १० को उपदफा (१) बमोजिम उद्योग स्थानान्तरण गर्ने स्वीकृतिका लागि निवेदन दिँदा देहायका कागजात र विवरण सहित अनुसूची-७ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछः-

(क) बिस लाख भन्दा बढी पूँजी भएको उद्योगको हकमा अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने उद्योगको हकमा प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

(घ) उद्योग सञ्चालन गर्दा ऐन वा प्रचलित कानून बमोजिम कुनै छुट, सुविधा वा सहुलियत प्राप्त गरेको भए त्यस्तो छुट, सुविधा वा सहुलियत प्रदान गर्ने निकायको सहमति,

(ङ) अनुसूची-२ बमोजिमको परियोजना विवरण र अनुसूची-१० बमोजिमको अद्यावधिक विवरण,

(च) स्थानान्तरण भई जाने सम्बन्धित स्थानीय तहको सिफारिस,

(छ) एक प्रदेशवाट अर्को प्रदेशमा स्थानान्तरण गर्नु पर्ने भएमा संघीय कानून बमोजिमको स्वीकृति।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरणको लागि स्वीकृति दिन मनासिव देखिएमा उद्योग दर्ता गर्ने निकायले अवधि तोकी त्यस्तो उद्योग स्थानान्तरण गर्दा सम्बन्धित उद्योगीले पालना गर्नु पर्ने

अन्य कुनै शर्त भएमा सो समेत उल्लेख गरी सम्बन्धित उद्योगीलाई अनुसूची-८ बमोजिमको ढाँचामा उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ।

१०. **पूँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तन गर्दा स्वीकृति लिनु पर्ने:** (१) कुनै उद्योगले आफ्नो विद्यमान पूँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गर्नको लागि ऐनको दफा १०क. को उपदफा (१) बमोजिम स्वीकृति लिन चाहेमा देहायका कागजात र विवरणसहित अनुसूची-९ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछः-

(क) बिस लाख भन्दा बढी पूँजी भएको उद्योगको हकमा अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र,

(ग) अनुसूची-१० बमोजिमको उद्योगको अद्यावधिक विवरण,

(घ) उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तन गर्ने सम्बन्धमा सम्बन्धित कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गरेको भएमा सोको प्रतिलिपि,

(ङ) साझेदारी फर्म भए साझेदार बीचको सम्झौताको प्रतिलिपि,

(च) तीस लाख भन्दा बढी थप पूँजी वृद्धि गर्नु परेमा लगानीको स्रोत खुल्ने कागजात,

(छ) प्रचलित कानून बमोजिम कुनै निकायको सिफारिस आवश्यक पर्ने भए सम्बन्धित निकायको सिफारिस पत्र,

(ज) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने उद्योगको हकमा प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनसाथ पेश भएको कागजात र विवरण उपर जाँचबुझ गर्दा निवेदनलाई पुष्ट्याइँ गर्ने कुनै थप विवरण वा कागजात आवश्यक भएमा उद्योग दर्ता गर्ने निकायले निवेदकसँग त्यस्तो कागजात माग गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम माग भएको कागजात र विवरण निवेदकले सात दिनभित्र उद्योग दर्ता गर्ने निकायमा बुझाउनु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको निवेदन, कागजात र विवरण उपर जाँचबुझ गर्दा उद्योगको स्थलगत निरीक्षण गर्न आवश्यक देखिएमा उद्योग दर्ता

गर्ने निकायले त्यस्तो उद्योगको स्थलगत निरीक्षण गरी वा गराइ सो को प्रतिवेदन लिन सक्नेछ।

(५) उपनियम (१) र (३) बमोजिम प्राप्त निवेदन, विवरण तथा कागजात र उपनियम (४) बमोजिमको स्थलगत निरीक्षण प्रतिवेदन समेतको आधारमा स्वीकृति दिन मनासिव देखिएमा उद्योग दर्ता गर्ने निकायले ऐनको दफा १० क. को उपदफा (२) बमोजिम उद्योगको विद्यमान पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप वा परिवर्तन गरी स्वीकृति दिनु पर्नेछ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उद्योगको एक पटक पूँजी वृद्धि गरेपछि साठी दिन अगावै पुन: सोही उद्योगको पूँजी वृद्धि गरिने छैन।

११. **अद्यावधिक गर्नु पर्ने:** (१) यो नियमावली प्रारम्भ हुनुपूर्व प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका उद्योगले उद्योग नवीकरण गर्नु पूर्व उद्योग दर्ता गर्ने निकाय समक्ष उद्योग अद्यावधिक गर्न अनुसूची-१० बमोजिमको विवरण सहित निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन उपर आवश्यक जाँचबुझ पश्चात उद्योग दर्ता गर्ने निकायले उद्योग अद्यावधिक गरी अनुसूची-३ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम उद्योग अद्यावधिक गर्दा कुनै शुल्क लाग्ने छैन।

१२. **विवरण पेश गर्नु पर्ने:** (१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि ऐनको दफा ११ बमोजिम प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्ने निकायमा अनुसूची-१० बमोजिमको विवरणको साथै देहायको विवरण पेश गर्नु पर्नेछः-

(क) बिस लाख भन्दा बढी पूँजी भएको उद्योगको हकमा अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र ।

(२) उपनियम (१) बमोजिमको विवरण उद्योग दर्ता गर्ने निकायबाट सञ्चालित विद्युतीय प्रणाली मार्फत समेत पेश गर्न सकिनेछ।

(३) उपनियम (१) बमोजिम विवरण प्राप्त भएपछि उद्योग दर्ता गर्ने निकायले आफ्नो अभिलेख अद्यावधिक गरी सोको जानकारी सात दिनभित्र सम्बन्धित उद्योगलाई दिनु पर्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उद्योग एक आर्थिक वर्षभन्दा बढी बन्द भएमा वा कुनै कारणले उत्पादन वा कारोबार नभए पनि उक्त अवधिको शुन्य विवरण उद्योग दर्ता गर्ने निकायमा बुझाउनु पर्नेछ।

तर त्यस्तो उद्योगले नियम १३ बमोजिम उद्योग दर्ता गर्ने निकायलाई सो उद्योग बन्द भएको जानकारी गराइ अभिलेख जनाएपछि बन्द भएको अवधि भरको विवरण बुझाउन आवश्यक पर्ने छैन।

१३. **उद्योग बन्द गरेको जानकारी दिनु पर्ने:** (१) कुनै उद्योगीले ऐनको दफा १२ बमोजिम उद्योग बन्द वा उत्पादन वा कारोबार स्थगन गरेमा सोको जानकारी उद्योग दर्ता गर्ने निकायमा अनुसूची -११ बमोजिमको ढाँचामा दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम उद्योग बन्द वा उत्पादन वा कारोबार स्थगन गरेको जानकारी उद्योग दर्ता गर्ने निकायमा प्राप्त भएमा उद्योग दर्ता गर्ने निकायले सोको अभिलेख राख्नु पर्नेछ।

१४. **दर्ता खारेज गर्ने:** (१) ऐनको दफा १३ को उपदफा (१) बमोजिम उद्योगको दर्ता खारेजीका लागि देहायका कागजात र विवरण संलग्न गरी अनुसूची-१२ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकायमा निवेदन दिनु पर्नेछः-

(क) लिक्वीडेटर नियुक्त गरेको भए त्यस्तो लिक्वीडेटरले पेश गरेको उद्योगको खारेजी सम्बन्धी प्रतिवेदन,

(ख) लिक्वीडेटर नियुक्त नगरेको भए मान्यता प्राप्त मूल्याङ्कनकर्ताबाट तयार गरिएको उद्योगको जायजेथा मूल्याङ्कन प्रतिवेदन,

तर एक करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योगको हकमा उद्योगले पेश गरेको जायजेथा मूल्याङ्कन प्रतिवेदन मान्य हुनेछ।

(ग) उद्योगमा कार्यरत श्रमिक लगायतका सम्पूर्ण कर्मचारीप्रतिको दायित्व फरफारक गरेको प्रमाणित हुने कागजात,

(घ) उद्योगले सरकारी दायित्व तथा अन्य दायित्व फरफारक गरेको प्रमाणित हुने कागजात,

(ङ) कर चुक्ता प्रमाणपत्र,

(च) उद्योग दर्ता प्रमाणपत्रको सक्कल प्रति,

(छ) पचास लाख भन्दा बढी पूँजी भएका उद्योगको हकमा अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन र

(ज) उद्योग विरूद्ध कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन नरहेको भनी सम्बन्धित उद्योगले गरेको स्वःघोषणा।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा उद्योग दर्ता गर्ने निकायले सो उद्योगसँग कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए पैंतीस दिनभित्र सोको प्रमाणसहित लिखित रूपमा दावी पेश गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्न सम्बन्धित उद्योगीलाई आदेश दिनु पर्नेछ।

तर तीस लाख भन्दा कम पूँजी भएका उद्योगको हकमा उद्योगको कुनै प्रकारको दायित्व बाँकी नभएको भनी उद्योगीले स्वःघोषणा गरेमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्ने छैन।

(३) उपनियम (२) बमोजिम प्रकाशित सूचना अनुसार निर्धारित अवधिभित्र कसैको दावी परी जाँचबुझ गर्दा कुनै दायित्व बाँकी रहेको भए त्यस्तो दायित्व फरफारक गर्न उद्योग दर्ता गर्ने निकायले उद्योगीलाई आदेश दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको आदेश अनुसार सम्बन्धित उद्योगीले दायित्व फरफारक गरेको देखिएमा उद्योग दर्ता गर्ने निकायले सात दिनभित्र सो उद्योगको दर्ता खारेज गरी लगत कट्टा गर्नु पर्नेछ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (३) बमोजिम उद्योग दर्ता गर्ने निकायले दिएको आदेश बमोजिमको फरफारक कार्य सम्पन्न नभएसम्म वा त्यस्तो उद्योगले तिर्नु बुझाउनु पर्ने दायित्वको सम्बन्धमा कुनै अदालतमा मुद्दा परी विचाराधीन रहेको अवस्थामा मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म त्यस्तो उद्योगको दर्ता खारेजी वा लगत कट्टा हुने छैन।

**१५.** **अभिलेख व्यवस्थित गर्नु पर्नेः** (१) उद्योग दर्ता, नवीकरण, नामसारी, नाम परिवर्तन, स्थानान्तरण, क्षमता वृद्धि, पूँजी वृद्धि, उद्देश्य थप वा परिवर्तन, उद्योग खारेजी लगायतका उद्योग प्रशासनसँग सम्बन्धित अभिलेख सुरक्षित राख्ने दायित्व उद्योग दर्ता गर्ने निकायको हुनेछ।

(२) कुनै उद्योग वा त्यस्तो उद्योगमा स्वामित्व भएको व्यक्तिले आफूसँग सम्बन्धित उपनियम (१) बमोजिमको कागजात वा अभिलेख आवश्यक भएको खण्डमा अनुसूची-१३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन पर्न आएमा माग वमोजिमको कागजात वा अभिलेख उपलब्ध गराउन उपयुक्त देखिएमा उद्योग दर्ता गर्ने निकायले प्रचलित कानून वमोजिम लाग्ने प्रतिलिपि दस्तूर लिई निवेदकलाई त्यस्तो कागजात वा अभिलेख प्रमाणित गरी उपलब्ध गराउनु पर्नेछ।

(४) कुनै कारणले उद्योग दर्ता गर्ने निकायमा रहेको अभिलेख नष्ट भएको वा फेला पार्न नसकेको अवस्थामा उद्योग दर्ता गर्ने निकायले सरोकारवाला अन्य सरकारी निकायमा रहेको कागजात वा अभिलेख तथा सम्बन्धित उद्योगले पेश गरेका अन्य कागजातलाई आधार मानी अभिलेख कायम गरी उपनियम (३) वमोजिमको प्रतिलिपि उपलब्ध गराउन सक्नेछ।

(५) उद्योग दर्ता गर्ने निकायले उपनियम (४) वमोजिम प्रतिलिपि जारी गरे पश्चात सो उद्योगको अभिलेख सम्बन्धी विवरण पछि अन्यथा प्रमाणित हुन आएमा उद्योग दर्ता गर्ने निकायले निर्णय गरी त्यस्तो प्रतिलिपि रद्द गर्न सक्नेछ।

(६) उद्योग दर्ता गर्ने निकायमा रहेको कुनै उद्योगसँग सम्बन्धित कागजात वा अभिलेख सम्बन्धित उद्योग वा त्यस्तो उद्योगमा स्वामित्व भएको व्यक्ति वाहेक अन्य कसैलाई उपलब्ध गराउनु हुदैन्।

तर अनुसन्धान वा सरकारी कामकारवाहीको सिलसिलामा कुनै अदालत, उद्योग दर्ता गर्ने निकाय वा सरकारी निकायवाट माग भएको अवस्थामा सो सम्बन्धी अभिलेख उपलब्ध गराउन बाधा पुऱ्याएको मानिने छैन्।

(७) उद्योग दर्ता गर्ने निकायले आफूसँग रहेको उद्योग सम्बन्धी अभिलेख, कागजात वा अन्य कुनै विवरण विद्युतीय रुपमा समेत सुरक्षित भण्डारण गर्नु पर्नेछ।

१६. **<u>सहकारी संस्थाले उद्योग दर्ता गर्न सक्ने:</u>** (१) प्रचलित कानून वमोजिम दर्ता भई सञ्चालनमा रहेका देहायका सहकारी संस्थाले ऐनको दफा १५ को उपदफा (७) वमोजिम उद्योग दर्ता गर्न चाहेमा ऐन तथा यस नियमावली र त्यस्तो संस्थाको विनियमको अधिनमा रही उद्योग दर्ता गर्न सक्नेछन्:-

(क) उत्पादक सहकारी संस्था वा संघ,

(ख) कृषि सहकारी संस्था वा संघ,

(ग) उपभोक्ता सहकारी संस्था वा संघ,

(घ) श्रमिक सहकारी संस्था वा संघ वा,

(ङ) बहुउद्देश्यीय सहकारी संस्था वा संघ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋण सम्बन्धी कारोबार गर्ने बित्तीय सहकारी संस्था वा संघले उद्योग दर्ता गर्न पाउने छैन ।

(३) उपनियम (१) बमोजिम उद्योग दर्ता गर्न चाहने सहकारी संस्थाले देहायका कागजात संलग्न गरी अनुसूची -१ वमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकायमा निवेदन पेश गर्नुपर्नेछः-

(क) सहकारी संस्थाको विनियमको प्रतिलिपि,

(ख) उद्योग सञ्चालन गर्ने सम्बन्धमा साधारण सभावाट भएको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भएमा सो को अख्तियारी पत्र,

(घ) उद्योग स्थापना हुने स्थानीय तहको सिफारिस,

(ङ) सहकारी संस्थाको अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(च) शेयर सदस्यहरूको शेयर लगत सहितको विवरण।

१७. **<u>वर्गीकरण अद्यावधिक गर्न निवेदन दिनु पर्नेः</u>** (१) ऐन प्रारम्भ हुनु अघि दर्ता भएका उद्योगले ऐन बमोजिम वर्गीकरण हुन चाहेमा देहायको कागजात र विवरण संलग्न गरी अनुसूची-१४ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछः-

(क) उद्योग वर्गीकरण अद्यावधिक गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय,

(ख) पचास लाख भन्दा बढी पूँजी भएको उद्योगको हकमा अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र,

(घ) अख्तियारनामा दिएको भए सोको सक्कल पत्र र

(ङ) कुन वर्गमा अद्यावधिक गर्ने हो सो वर्गको लागि अद्यावधिक हुन योग्य भएको पुष्टि हुने कागजात।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन र संलग्न कागजात जाँचबुझ गर्दा उद्योगको वर्गीकरण गर्न उपयुक्त देखिएमा उद्योग दर्ता गर्ने निकायले सात दिनभित्र त्यस्तो उद्योगको वर्गीकरण अद्यावधिक गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।

१८. **<u>सुविधा तथा सहुलियतः</u>** (१) प्रदेशमा स्थापना तथा सञ्चालनमा रहेका उद्योगले प्रचलित संघीय कानून, प्रदेश कानून, नेपाल सरकार तथा प्रदेश सरकारबाट भएका निर्णय बमोजिम थप सुविधा तथा सहुलियत प्राप्त गर्नेछन्।

(२) प्रदेश सरकारले देहायका उद्योगहरूलाई राजपत्रमा सूचना प्रकाशन गरी थप सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछः

(क) प्रदेश औद्योगिक क्षेत्र वा औद्योगिक ग्राममा स्थापना हुने,

(ख) कम्तीमा असी प्रतिशत स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने,

(ग) कुल कामदारमध्ये कम्तीमा पचास प्रतिशत महिला तथा अपाङ्गता भएका कामदार रहेको,

(घ) पूर्ण रूपमा नवीकरणीय उर्जाको प्रयोग गर्ने।

(३) महिला उद्यमीद्वारा सञ्चालित कृषिमा आधारित तथा निर्यातमूलक उद्योगलाई व्यवसायको वित्तीय स्थितिको आधारमा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी बैङ्किङ्ग प्रणाली मार्फत उत्पादन तथा निर्यात कर्जा उपलब्ध गराउन सक्नेछ।

(४) उपनियम (३) बमोजिमको कर्जा प्राप्त गर्नको लागि निर्यातमूलक उद्योगले आफ्नो पछिल्लो आर्थिक वर्षको कुल उत्पादनको कम्तीमा तीस प्रतिशत निर्यात गरेको हुनु पर्नेछ।

१९. **<u>अनुगमन तथा निरीक्षण गर्नेः</u>** (१) ऐन तथा यस नियमावली र उद्योग दर्ता प्रमाण पत्रमा उल्लिखित शर्तहरूको पालना गरे नगरेको सम्बन्धमा मन्त्रालय वा निर्देशनालय वा उद्योग दर्ता गर्ने निकायले समय समयमा उद्योगको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम उद्योगको अनुगमन तथा निरीक्षण गर्न खटिएको कर्मचारी वा पदाधिकारीले अनुगमन तथा निरीक्षणको सिलसिलामा सम्बन्धित उद्योग परिसरमा प्रवेश गर्न, आवश्यकता अनुसार श्रव्यदृष्य तथा अन्य सूचना तथा तथ्याङ्क सङ्कलन गर्न, आवश्यक कागजात जाँच गर्न र अन्य कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ।

तर प्रचलित कानून बमोजिमको बौद्धिक सम्पत्तिको संरक्षणको विषय समावेश भई गोपनियता कायम राख्नुपर्ने अवस्था भएमा बौद्धिक सम्पत्ति सम्बन्धी प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

(३) उपनियम (२) बमोजिम माग गरिएको जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणवाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगलाई आवश्यक सहजीकरण गरिदिन सक्नेछ।

(५) यस नियम बमोजिम उद्योगको अनुगमन तथा निरीक्षण गर्न खटिएको कर्मचारीले अनुसूची-१५ बमोजिम फारम सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ।

२०. **सुरक्षा प्रदान गर्नेः** (१) प्रदेश सरकारले प्रदेश प्राथमिकता प्राप्त उद्योगहरूमा शान्ति, सुरक्षा कायम गर्न प्रत्येक औद्योगिक क्षेत्रमा आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी खटाउन सक्ने वा आवश्यक समन्वय गर्नु पर्नेछ ।

(२) कुनै उद्योगले सुरक्षाका कारण उद्योग सञ्चालन गर्न कठिनाई परेको भनी सुरक्षा माग गरेमा प्रदेश सरकारले त्यस्तो उद्योग वा त्यस्तो उद्योग रहेको औद्योगिक क्षेत्रमा आवश्यकता अनुसार थप सुरक्षाकर्मी खटाउन नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले सम्बन्धित उद्योगको अनुरोधमा देहायको प्रयोजनको लागि छुट्टै सुरक्षा व्यवस्था मिलाउन आवश्यक समन्वय गर्न सक्नेछः-

(क) औद्योगिक मेला, प्रदर्शनी तथा अन्य औद्योगिक समारोह आयोजना गर्न,

(ख) उद्योगमा भएको बन्द, हड्तालको समयमा हुन सक्ने आगजनी, तोडफोड तथा लुटपाट नियन्त्रण गर्न,

(ग) उद्योग, प्रतिष्ठान रहेको इलाकामा हुनसक्ने सम्भावित सुरक्षा चुनौतीको सामना गर्न।

२१. **करार गरी उत्पादन गर्न सक्नेः** कुनै उद्योगले अर्को कुनै निर्यात मूलक उद्योगको लागि ऐनको दफा ३० को उपदफा (१) बमोजिम वस्तु तथा सेवाको उत्पादन गर्दा देहायको मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) करारमा वस्तु उत्पादन (कन्ट्रयाक्ट म्यानुफ्याक्चरिङ) गर्ने उद्योग प्रचलित कानून बमोजिम दर्ता भएको हुनु पर्नेछ,

(ख) करारमा कुनै वस्तु वा सेवा उत्पादन गर्ने उद्योगले सो वस्तु वा सेवा उत्पादन गर्न उद्योग दर्ता गर्ने निकायबाट प्रचलित कानून बमोजिम स्वीकृति प्राप्त गरेको हुनु पर्नेछ,

(ग) करारमा वस्तु तथा सेवा उत्पादन गराउने उद्योगको उत्पादन हुने वस्तु वा सेवाको ट्रेडमार्क दर्ता भएको वा हक कायम भएको हुनु पर्नेछ,

(घ) उत्पादनकर्ता उद्योगले आफ्नो स्वीकृत क्षमताको सीमाभित्र रहेर मात्र वस्तु वा सेवा उत्पादन गरेको हुनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम मापदण्ड पुरा गरेको निर्यातमूलक उद्योगले निर्यात गरेको वस्तु वा सेवाको परिमाणको आधारमा प्रचलित कानून बमोजिम नेपाल सरकारबाट उपलब्ध हुने छुट, सुविधा वा सहुलियतका अतिरिक्त प्रदेश सरकारले देहाय बमोजिम छुट, सुविधा वा सहुलियत उपलब्ध गराउन सक्नेछः-

(क) निर्यातमा नगद प्रोत्साहन,

(ख) सहुलियत दरमा निर्यात कर्जा,

(ग) ऋण लगानीमा प्राथमिकता,

(घ) नेपाल सरकार वा प्रदेश सरकारले समय समयमा तोके बमोजिम कर, महसुल, शुल्क तथा कच्चा पदार्थ आयातमा सहुलित।

२२. **<u>व्यवसायिक सामाजिक जिम्मेवारीः</u>** (१) ठूला उद्योग, मझौला वा वार्षिक पन्ध्र करोड रुपैंया भन्दा बढी कारोबार हुने घरेलु वा साना उद्योगले ऐनको दफा ३१ बमोजिम व्यवसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनार्थ वार्षिक कूल मुनाफाको कम्तीमा एक प्रतिशत रकम देहायको कुनै क्षेत्रमा खर्च गर्नु पर्नेछः-

(क) विपद्को रोकथाम, नियन्त्रण तथा उद्धार,

(ख) सामुदायिक स्वास्थ्य संस्थालाई औषधी तथा स्वास्थ्य सम्बन्धी उपकरण वितरण, स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि, स्वास्थ्य शिविर सञ्चालन लगायतका स्वास्थ्य सम्बन्धी कार्यक्रम,

(ग) नेपाली कला, साहित्य, संस्कृति, पुरातात्विक धरोहरको संरक्षण तथा संवर्धन,

(घ) न्यून आय भएका, पिछडिएका ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति तथा अल्पसंख्यक, सीमान्तकृत समुदायका लागि सीपमूलक र आयमूलक कार्यक्रम,

(ङ) सामुदायिक विद्यालय वा विश्वविद्यालयका लागि छात्रवृत्ति, शैक्षिक उपकरण तथा सामाग्री वितरण, पूर्वाधार विकास लगायत शैक्षिक विकास सम्बन्धी कार्यक्रम

(च) प्रदुषण नियन्त्रण, फोहरमैला व्यवस्थापन, वैकल्पिक उर्जाको प्रवर्धन लगायत प्राकृतिक र वातावरण संरक्षण सम्बन्धी कार्यक्रम,

(छ) सामाजिक विकृति, विसंगति, कुरीति र सामाजिक पछौटपन विरुद्धको अभियान,

(ज) खानेपानी आयोजना, सडक, ढल, पार्टी पौवा, बृद्धाश्रम, खेल मैदान, धार्मिकस्थल, सामुदायिक स्वास्थ्य भवन, सामुदायिक भवन, अनाथ आश्रम, पार्क, बसपार्क तथा बस बिसौनी जस्ता भौतिक पूर्वाधारको निर्माण तथा मर्मत सम्भार।

(२) उपनियम (१) बमोजिमका क्षेत्रमा खर्च गर्नको लागि छुट्टयाइएको वार्षिक रकमको वार्षिक योजना तथा कार्यक्रम बनाई सम्बन्धित उद्योगले उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको क्षेत्रमा खर्च गर्न छुट्टयाइएको वार्षिक रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित उद्योगबाट प्रभावित क्षेत्रमा खर्च गरी सोको जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ।

(४) उद्योगले व्यवसायिक सामाजिक जिम्मेवारी अन्तर्गत कुनै कार्य गर्दा सम्बन्धित स्थानीय तहको समन्वयमा गरी सो कार्य सम्पन्न विवरण उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ।

(५) उद्योगले व्यवसायिक सामाजिक जिम्मेवारीका लागि छुट्टयाइएको रकमबाट आफ्नो उद्योगलाई प्रत्यक्ष मुनाफा हुनेगरी खर्च गर्न वा कार्यक्रम सञ्चालन गर्न वा आफ्नो लगानी भएका वा आफ्नो उद्योगमा संलग्नता भएका व्यक्ति वा सामाजिक वा व्यवसायिक संघ संस्थामा खर्च गर्न पाउने छैन।

२३. **<u>क्षतिपूर्ति सम्बन्धी व्यवस्था:</u>** (१) ऐनको दफा ३३ को उपदफा (१) बमोजिम कुनै औद्योगिक ग्राम, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको लागि तोकेको क्षेत्र र दुरीभित्रको निजी जग्गामा आवासिय भवन वा अन्य भवन बनाउन वा बस्ती बसाउन नहुने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सुचना प्रकाशन गरेकोमा त्यस्तो सूचनाको कारणबाट कुनै व्यक्तिलाई हानि नोक्सानी पुग्न गएमा

त्यस्तो व्यक्तिले प्रदेश राजपत्रमा सूचना प्रकाशन भएको मितिले पैंतीस दिनभित्र मन्त्रालय समक्ष क्षतिपूर्तिको लागि निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर मन्त्रालयले आवश्यक जाँचबुझ गरी सरोकारवाला निकाय समेतको सहभागितामा आवश्यक मापदण्ड निर्धारण गरी सो को आधारमा क्षतिपूर्तिको मूल्याङ्कन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम क्षतिपूर्तिको मूल्याङ्कन भएपछि मन्त्रालयले उपनियम (१) बमोजिमको निवेदकलाई क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस सहित प्रदेश सरकार समक्ष पेश गर्नेछ र प्रदेश सरकारले त्यस्तो क्षतिपूर्तिको रकम सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउनेछ।

२४. **रुग्ण उद्योगको रुपमा घोषणा गर्न सक्नेः** (१) ऐन वा यस नियमावली बमोजिम स्थापना भई व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको मिति देखी न्यूनतम पाँच वर्षसम्म सञ्चालनमा रहेका उद्योग आफ्नै नियतवस वा व्यवस्थापकीय कमजोरीका कारणले नभई काबु बाहिरको परिस्थिति परी लगातार पछिल्ला तीन वर्षसम्म उद्योगको जडित क्षमता भन्दा तीस प्रतिशत वा सो भन्दा कम क्षमतामा सञ्चालन भई सो तीन वर्षको अवधिमा लगातार घाटामा सञ्चालनमा रहेको उद्योगलाई देहायको मापदण्डका आधारमा प्रदेश सरकारले रुग्ण उद्योगको रुपमा घोषणा गर्न सक्नेछः-

(क) तीन वर्षदेखि लगातार घाटामा सञ्चालन भई उद्योगको पूँजी (ईक्विटी) तीस प्रतिशतभन्दा बढीले कमी भएको,

(ख) ऋण सम्झौता बमोजिम ऋणको साँवा ब्याज तिर्न नसकेको,

(ग) पूँजीको अनुपातमा ऋणको मात्रा बढी भएको।

(२) उपनियम (१) बमोजिम रुग्ण भई बन्द अवस्थामा रहेको उद्योगलाई सो उद्योगले पेश गरेको स्किम वा परियोजना प्रस्ताव तथा मन्त्रालयबाट भएको अध्ययनबाट निश्चित छुट, सुविधा वा सहुलित उपलब्ध गराउदा पुन सञ्चालनमा आउन सक्ने देखिएमा प्रदेश सरकारले त्यस्तो उद्योगको पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन गर्न निश्चित अवधिको लागि नियम २६ बमोजिमको छुट सुविधा वा सहुलियत उपलब्ध गराउन सक्नेछ।

२५. **रुग्ण उद्योग घोषणा गर्ने प्रक्रियाः** (१) कुनै उद्योगीले आफूले सञ्चालन गरेको उद्योगलाई नियम २४ बमोजिमको मापदण्डको आधारमा रुग्ण उद्योगको रुपमा

घोषणा गराउन चाहेमा मन्त्रालयमा अनुसूची-१६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदनसाथ उद्योगले त्यस्तो उद्योगको सञ्चालनको लागि थप पूँजी (इक्विटी) लगानी र व्यवसायिक योजना पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन र संलग्न विवरण वा कागजात उपर मन्त्रालयले नियम २८ बमोजिमको रुग्ण उद्योग सिफारिस समिति मार्फत आवश्यक जाँचबुझ तथा त्यस्तो उद्योगको स्थलगत निरीक्षण गर्न आवश्यक देखेमा स्थलगत निरीक्षण समेत गराउन सक्नेछ।

(४) उपनियम (३) बमोजिम जाँचबुझ तथा स्थलगत निरीक्षण गर्दा यस नियमावलीको नियम २४ बमोजिम त्यस्तो उद्योगलाई रुग्ण उद्योगको रुपमा घोषणा गर्न मनासिव देखिएमा रुग्ण उद्योग सिफारिस समितिले मन्त्रालयसमक्ष सिफारिस सहित प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्राप्त सिफारिसको आधारमा कुनै उद्योगलाई रुग्ण उद्योगको रुपमा घोषणा गर्न मनासिब देखिएमा मन्त्रालयले सम्बन्धित क्षेत्रगत मन्त्रालय र प्रदेशको आर्थिक मामिला हेर्ने मन्त्रालय समेतको सहमति लिई त्यस्तो उद्योगलाई रुग्ण उद्योगको रुपमा घोषणा गर्न प्रदेश सरकार समक्ष प्रस्ताव पेश गर्न सक्नेछ।

(६) उपनियम (५) बमोजिम प्राप्त प्रस्ताव मनासिव देखेमा प्रदेश सरकारले त्यस्तो उद्योगलाई रुग्ण उद्योगको रूपमा घोषणा गर्न सक्नेछ।

(७) उपनियम (६) बमोजिम रुग्ण उद्योगको रूपमा घोषणा भएको उद्योगको सञ्चालनको लागि लगानीकर्ताको सहमतिमा नियम १६ को उपनियम (१) मा उल्लिखित सहकारी संस्थाले सञ्चालन गर्न चाहेमा त्यस्तो सहकारी संस्थाको क्षमता, उपयुक्तता र सम्भाव्यता समेत हेरी देहायका शर्तहरूको अधिनमा रही त्यस्तो सहकारी संस्था मार्फत सञ्चालन गर्न सकिनेछः-

(क) उद्योगको स्वीकृत उद्देश्य तथा क्षमता अनुसार वस्तु तथा सेवा उत्पादन गर्नु पर्ने,

(ख) उद्योग दर्ता हुँदाका बखत तोकिएका शर्तहरू,

(ग) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्तहरू,

(घ) रुग्ण उद्योगको लगानीकर्ता र उक्त उद्योग सञ्चालन गर्ने सहकारी संस्थाबीच भएको सम्झौताका शर्तहरू,

(ङ) उद्योग दर्ता गर्ने निकायले दिएको निर्देशन तथा आदेश।

२६. **<u>रुग्ण उद्योगले पाउने सुविधा, सहुलियत तथा छुटः</u>** (१) प्रदेश सरकारले रुग्ण उद्योगको पुनरुत्थान, पुननिर्माण तथा व्यवस्थापनका लागि नेपाल सरकारबाट प्रचलित कानून बमोजिम प्राप्त हुने सुविधा, सहुलियत वा छुटका अतिरिक्त देहाय बमोजिमका सुविधा, सहुलियत तथा छुट उपलब्ध गराउन वा सो को लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछः-

(क) साविकको कर्जालाई सहुलियत कर्जा (सफ्ट लोन) मा रुपान्तरण गर्न सम्बन्धित बैङ्क तथा वित्तीय संस्थालाई सिफारिस गर्ने,

(ख) साविकको कर्जाको ब्याज तथा हर्जाना छुट दिन सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई सिफारिस गर्ने,

(ग) उद्योग सञ्चालनका लागि बैंक तथा वित्तीय संस्थाबाट सहुलियत ब्याजदरमा थप कर्जा उपलब्ध गराउन सम्बन्धित बैङ्क तथा वित्तीय संस्थालाई सिफारिस गर्ने,

(घ) ऋण तिर्न नसकी कालो सूचिमा परेका उद्योगलाई ऋण तिर्ने अवधि थपिदिन सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई सिफारिस गर्ने।

(२) उपनियम (१) बमोजिम उद्योगलाई छुट, सुविधा वा सहुलियत उपलब्ध गराउँदा रुग्ण उद्योगको वर्गीकरणका आधारमा छुट, सुविधा वा सहुलियतको मात्रामा फरक फरक हुने गरी त्यस्तो छुट, सुविधा वा सहुलियत उपलब्ध गराउन वा सो को लागि सम्बन्धित वित्तीय संस्थाको नियामकलाई सिफारिस गर्न सक्नेछ।

२७. **<u>रुग्ण उद्योगको वर्गीकरण</u>**: (१) नियम २४ बमोजिम रुग्ण उद्योगको रुपमा घोषणा भएका उद्योगको वर्गीकरण देहायको मापदण्डको आधारमा गरिनेछः-

(क) पूर्ण रुग्ण उद्योगः-

(१) पछिल्ला तीन वर्षदेखि लगातार घाटामा सञ्चालन भई उद्योगको पूँजी (इक्विटी) सत्तरी प्रतिशतभन्दा बढीले कमी भएको,

(२) पछिल्ला तीन वर्षसम्म लगातार जडित क्षमताको बीस प्रतिशतभन्दा कम क्षमतामा सञ्चालनमा रहेको,

(३) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारणबाहेक काबु बाहिरको परिस्थितिले पछिल्ला तीन वर्षसम्म उद्योग पूर्ण रुपमा बन्द रहेको र

(४) ऐन वा यस नियमावली बमोजिम छुट, सुविधा वा सहुलियत वा प्रचलित कानून बमोजिम नेपाल सरकारले छुट, सुविधा वा सहुलियत दिँदा बढीमा पाँच वर्षभित्रमा नाफामा सञ्चालन हुन सक्ने देखिएको।

(ख) रुग्ण उद्योगः

(१) पछिल्ला तीन वर्षदेखि लगातार घाटामा सञ्चालन भई उद्योगको पूँजी (इक्विटी) पचास प्रतिशतभन्दा बढीले कमी भएको,

(२) पछिल्ला तीन वर्षसम्म लगातार जडित क्षमताको पच्चीस प्रतिशतभन्दा कम क्षमतामा सञ्चालनमा रहेको,

(३) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारणबाहेक काबु बाहिरको परिस्थितिले पछिल्ला दुई वर्षसम्म उद्योग पूर्ण रुपमा बन्द रहेको र

(४) ऐन वा यस नियमावली बमोजिम छुट, सुविधा वा सहुलियत वा प्रचलित कानून बमोजिम नेपाल सरकारले छुट, सुविधा वा सहुलियत दिँदा बढीमा तीन वर्षभित्रमा नाफामा सञ्चालन हुन सक्ने देखिएको।

(ग) रुग्ण उन्मुख उद्योगः

(१) पछिल्ला तीन वर्षदेखि घाटामा सञ्चालन भई उद्योगको पूँजी (इक्विटी) तीस प्रतिशतभन्दा बढीले कमी भएको,

(२) पछिल्ला तीन वर्षसम्म लगातार जडित क्षमताको तीस प्रतिशतभन्दा कम क्षमतामा सञ्चालनमा रहेको,

(३) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारणबाहेक काबु बाहिरको परिस्थितिले पछिल्लो एक वर्षदेखि उद्योग पूर्ण रुपमा बन्द रहेको र

(४) ऐन वा यस नियमावली बमोजिम छुट, सुविधा वा सहुलियत वा प्रचलित कानून बमोजिम नेपाल सरकारले छुट, सुविधा

वा सहुलियत दिँदा बढीमा दुई वर्षभित्रमा नाफामा सञ्चालन हुन सक्ने देखिएको।

(२) उपनियम (१) बमोजिम रुग्ण उद्योगको वर्गीकरण गर्दा उद्योगको व्यवसायिक योजना वा कार्ययोजना, उद्योगले विगतमा गरेको उत्पादन तथा उद्योगको लेखापरीक्षण प्रतिवेदन, प्राविधिक वा विज्ञ समेतको स्थलगत निरीक्षण प्रतिवेदन समेतलाई आधार लिनु पर्नेछ।

२८. **<u>रुग्ण उद्योग सिफारिस समितिको गठनः</u>** (१) ऐन तथा यस नियमावली बमोजिम रुग्ण उद्योगको पहिचान, वर्गीकरण, पुनरुत्थान, पुनर्निर्माण र व्यवस्थापनका सम्बन्धमा मन्त्रालय समक्ष सिफारिस सहितको प्रतिवेदन पेश गर्न सम्बन्धित क्षेत्रका विज्ञ समेत रहेको देहाय बमोजिमको रुग्ण उद्योग सिफारिस समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) कम्तीमा नवौं तहको अधिकृत, प्रदेश सरकारको अर्थ हेर्ने मन्त्रालय -सदस्य

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उत्तीर्ण भएको र प्रशासन, व्यवस्थापन, लेखा, लेखापरीक्षण, उद्योग, व्यापार, बैकिङ्ग, निर्माण व्यवस्थापन मध्ये कुनै एकमा कम्तीमा दश वर्षको कार्य अनुभव भएका व्यक्तिहरू मध्येबाट मन्त्रालयले तोकेको दुई जना विज्ञ -सदस्य

(घ) उद्योग, वाणिज्य हेर्ने महाशाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(२) रुग्ण उद्योग सिफारिस समितिको बैठक समितिको संयोजकले तोकेको मिति समय र स्थानमा बस्नेछ।

(३) रुग्ण उद्योग सिफारिस समितिले कार्य सम्पादन गर्दा आवश्यकता अनुसार प्रदेश सरकारका कुनै निकायका प्रतिनिधि वा सम्बन्धित विषयको विज्ञलाई बैठकमा आमन्त्रण गरी राय परामर्श लिन सक्नेछ।

(४) रुग्ण उद्योग सिफारिस समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गर्न सक्नेछ।

(५) रुग्ण उद्योग सिफारिस समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

२९. **रुग्ण उद्योग सिफारिस समितिको काम, कर्तव्य र अधिकारः** यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त रुग्ण उद्योग सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) रुग्ण उद्योगको पहिचान गर्न त्यस्तो उद्योगको भौतिक, प्राविधिक, बजार प्रणाली, व्यवस्थापन लगायतका पक्षको बारेमा विश्लेषण गर्ने,

(ख) उद्योगको वास्तविक स्थितिको पहिचान गर्न उद्योगको स्थलगत अध्ययन गर्ने, गराउने,

(ग) रुग्ण उद्योगहरूमध्ये सम्भाव्य उद्योगहरूलाई पुनरुत्थान, पुनर्निमाण र व्यवस्थापन गर्ने सम्बन्धमा सम्बन्धित उद्योग र प्रदेश सरकारले गर्नु पर्ने क्रियाकलाप सम्बन्धी सुझाव सहितको प्रतिवेदन तयार गर्ने,

(घ) नियम २७ मा उल्लिखित मापदण्डको आधारमा रुग्ण उद्योगको वर्गीकरणको लागि सिफारिस गर्ने,

(ङ) रुग्ण उद्योगले पाउने अन्य छुट, सुविधा वा सहुलियत सम्बन्धी नीतिगत, कानूनी तथा व्यवस्थापकीय विषयमा गर्नुपर्ने सुधारको लागि प्रदेश सरकारलाई सिफारिस गर्ने,

(च) उद्योगको वित्तीय विवरण लगायतका अन्य विवरण प्राप्त गरी विश्लेषण गर्ने,

(छ) उद्योगसँग सम्बन्धित सूचना सम्बन्धित निकायबाट प्राप्त गर्ने,

(ज) उद्योगसँग सरोकार राख्ने व्यक्ति तथा निकायसँग छलफल, अन्तर्क्रिया गरी राय सुझाव लिने।

३०. **अधिकार प्रत्यायोजनः** प्रदेश सरकारले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार मन्त्रालयलाई र मन्त्रालयले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार मातहतका निकाय, उद्योग दर्ता गर्ने निकायलाई प्रत्यायोजन गर्न सक्नेछ।

३१. **अनुसूची हेरफेरः** (१) मन्त्रालयले प्रदेश राजपत्रमा सुचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट वा संशोधन गर्न सक्नेछ।

**अनुसूची -१**

**(नियम ३ को उपनियम (१) र नियम १६ को उपनियम (३) सँग सम्बन्धित)**

**उद्योग दर्ताको लागि दिइने निवेदनको ढाँचा**

श्री ..................................

...................................... ।

विषयः उद्योग दर्ताको लागि निवेदनको ढाँचा ।

महोदय,

गण्डकी प्रदेश ............ जिल्ला ............... नगरपालिका/ गाउँपालिका वडा नं. .... मा .......................... उद्देश्य रहेको ........................................ नामको उद्योग स्थापना गर्न गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० को नियम ३ को उपनियम (१) बमोजिम संलग्न गर्नु पर्ने कागजात र विवरण यसै निवेदनसाथ संलग्न गरी उद्योग दर्ताको लागि निवेदन गरेको छु/गरेका छौं । निवेदनमा उल्लेख भएको व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदकको पूरा नाम, थरः

निवेदकको हस्ताक्षरः

नागरिकताको प्रमाणपत्रको नम्बरः ............... जारी मितिः ...............................
जिल्लाः ..................

निवेदकको ठेगानाः

प्रदेशः गण्डकी, जिल्लाः ..............., गाउँपालिका/नगरपालिकाः ..........................., वडा नं. ...........

टोल/मार्गः ....................., घर नम्बरः ........................

सम्पर्क फोन/मोबाइल नम्बरः ...................................

फ्याक्स नम्बरः ........................ इमेलः ..........................

## अनुसूची-२

**(नियम ३ को उपनियम (२) र नियम ९ को उपनियम (१) को खण्ड (ङ) सँग सम्बन्धित)**

**परियोजना विवरण**

१. उद्योगको नामः

२. उद्योग रहने स्थानः .......................... प्रदेशः गण्डकी,
जिल्लाः ..........................नगरपालिका/गाउँपालिका, वडा नं. ............

३. पत्राचारको ठेगाना र फोनः-
सम्पर्क व्यक्तिको नामः

४. विशेष आर्थिक क्षेत्रको नामः

५. उद्योगको स्तरः साना ☐ मझौला ☐ ठूला ☐

६. उद्योगको कानूनी रुपः निजी फर्म ☐ साझेदारी फर्म ☐
प्राइभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी ☐

७. उद्योगको वर्गः ऊर्जामूलक उद्योग ☐ उत्पादनमूलक उद्योग ☐
कृषि तथा वन पैदावारमा आधारित उद्योग ☐ खनिज उद्योग ☐
पूर्वाधार उद्योग ☐ सेवामूलक उद्योग ☐ पर्यटन उद्योग ☐
सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग ☐

८. उद्योगको सञ्चालनः
(क) उद्योग सञ्चालन हुने दिन (प्रति वर्ष):
(ख) उत्पादन हुने वस्तु वा सेवाको विवरणः

| सि. नं. | वस्तु वा सेवाको विवरण | वार्षिक क्षमता | इकाइ | बिक्री मूल्य दर (रु.) | कुल बिक्री मूल्य (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

९. परियोजना लागत तथा लगानीको स्रोतः

| सि. नं. | लगानी (रु) | लगानीको स्रोत | |
|---|---|---|---|
| | | स्वलगानी (रु) | ऋण लगानी (रु) |
| स्थिर पूँजी | | | |
| चालू पूँजी | | | |
| कुल पूँजी | | | |

१०. स्थिर पूँजी विवरणः

| सि.नं. | विवरण | रकम (रु) | कैफियत |
|---|---|---|---|
| १. | जग्गा (क्षेत्रफल...........) | | |
| २. | भवन ( क्षेत्रफल.......) | | |
| ३. | मेशिनरी उपकरण | | |
| ४. | फर्निचर फिक्स्चर<br>अफिस उपकरण | | |
| ५. | सवारी साधन | | |
| ६. | पूर्व सञ्चालन खर्च | | |
| ७. | अन्य | | |
| | कुल स्थिर पूँजी | | |

११. चालु पूँजीको विवरणः

| सि.नं. | विवरण | रकम (रु) |
|---|---|---|
| १ | कच्चा पदार्थ (.............महिना/दिनको लागि) | |
| २ | अर्ध तयारी वस्तु | |
| ३ | उधारो (...........महिना/दिनको लागि) | |
| ४ | अन्य | |
| | कुल | |

१२. मेशिनको विवरणः

| सि. नं. | नाम | आवश्यक सङ्ख्या | मूल्य (रु) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

<u>नोटः</u> आवश्यक भएमा मेशिनको प्रयोजन र औचित्य बारे पुष्टयाई पेश गर्नु पर्नेछ ।

१३. उद्योगले प्रयोग गर्ने आवश्यक कच्चा पदार्थको विवरणः

| सि.नं. | कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकिङ्ग सामग्रीको नाम | इकाइ | दर | वार्षिक आवश्यक परिमाण | कुल रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

१४. उद्योगलाई आवश्यक पर्ने विदेशी मुद्राः

कच्चा पदार्थको वार्षिक परिमाणका लागिः...................... मेशिनको लागिः...............

अन्यः.......................... जम्माः...................

१५. जनशक्ति विवरणः

| विवरण | स्वदेशी | विदेशी | कुल सङ्ख्या |
|---|---|---|---|
| कर्मचारी (प्रशासनिक) | | | |
| कर्मचारी (प्राविधिक) | | | |
| कामदार उच्च दक्ष | | | |
| अर्धदक्ष | | | |
| अदक्ष | | | |
| जम्मा | | | |

१६. उद्योगमा प्रयोग हुने इन्धन तथा पानीः

| किसिम | वार्षिक परिमाण/क्षमता | इकाइ | स्रोत |
|---|---|---|---|
| विद्युत शक्ति | | के. भि.ए. | |
| डिजेल | | कि.लि. | |
| LDO ( एल.डी.ओ), फर्नेश आयल | | कि.लि. | |
| कोइला | | मे.टन | |
| धानको भुस | | मे.टन | |
| पानी | | लि. | |
| अन्य | | | |

१७.उद्योगको सञ्चालबाट प्रभावित हुन सक्ने क्षेत्रः

| वातावरणीय अवयवहरू | दुरी/विवरण | प्रतिकुल असर | | प्रतिकुल असर न्यूनिकरणका उपायहरू |
|---|---|---|---|---|
| | | हुने | नहुने | |

| | | | | |
|---|---|---|---|---|
| जलस्रोत | | | | |
| कृषिजन्य भूमि | | | | |
| वन स्रोत | | | | |
| मानव वस्ती | | | | |
| विद्यालय | | | | |
| अस्पताल वा स्वास्थ्य केन्द्र | | | | |
| धार्मिक/सांस्कृतिक सम्पदा | | | | |
| अन्य (उल्लेख गर्ने) | | | | |

१८. मुख्य लगानीकर्ताका विवरणः

| | १ | २ | ३ | ४ |
|---|---|---|---|---|
| लगानीकर्ताको नाम | | | | |
| बाबुको नाम | | | | |
| बाजेको नाम | | | | |
| नागरिकता/राहदानी | | | | |
| पत्राचारको ठेगाना | | | | |
| फोन/मोबाइल नं. | | | | |
| इमेल | | | | |
| लगानीको प्रतिशत | | | | |
| हस्ताक्षर | | | | |

१९. विदेशी लगानी वा प्रविधि हस्तान्तरण भएमा लगानीकर्ताको विवरणः

(क) नाम, थरः

(ख) मुलुकः

(ग) राहदानी नम्बरः

(घ) जारी भएको स्थानः

(ङ) बहाल अवधिः

(च) भिसा नम्बरः

(छ) जारी गरेको स्थानः

(ज) अवधिः

(झ) मूल कम्पनीको आधिकारिक पत्रः भए/नभएको

(ञ) पत्राचार गर्ने ठेगानाः

(ट) स्थानीय प्रतिनिधिको नाम र ठेगानाः

सम्पर्कः

फोन/मोबाईल नं. फ्याक्स नं. इमेलः

<u>द्रष्टव्यः</u>

१. लगानीकर्ता कम्पनी भएमा सो कम्पनीको दर्ता प्रमाणपत्र, प्रबन्धपत्र, नियमावली र कम्पनीको मुख्य कार्यालय रहेको पूरा ठेगानासमेत खुलाउनु पर्नेछ।

२. वातावरण सम्बन्धी प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने भएमा सो सम्बन्धी कार्य सम्पन्न गर्नु पर्नेछ।

३. विवरण फाराम पूर्ण रुपमा भरिएको हुनु पर्नेछ।

४. माथिका विभिन्न महलमा विवरण भर्ने ठाउँ पर्याप्त नभएमा छुट्टै भरी पेश गर्न सकिनेछ।

५. व्यावसायिक उत्पादन वा कारोबार सुरु भएको मितिले तीन महिनाभित्र पुनः यो फाराम भरी विवरण अद्यावधिक गर्नु पर्नेछ।

## अनुसूची-३
**(नियम ४ को उपनियम (१) नियम ११ को उपनियम (२) सँग सम्बन्धित)**

**उद्योग दर्ता प्रमाणपत्रको ढाँचा**

गण्डकी प्रदेश सरकार

................................................... मन्त्रालय

.................................... कार्यालय

**उद्योग दर्ता प्रमाणपत्र**

उद्योग दर्ता नं. मितिः........................

यस कार्यालयमा मिति ................ मा दर्ता भएको ...................... नामको प्राइभेट फर्म गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ तथा गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० र गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ बमोजिम निम्न अनुसारको विवरण भएको उद्योग दर्ता/अद्यावधिक गरी यो प्रमाणपत्र प्रदान गरिएको छः-

१. उद्योग सञ्चालकको नामः

२. उद्योगको नामः

३. उद्योगको ठेगानाः

४. उद्योगको उद्देश्यः

५. उद्योगको कुल पूँजीः रु.

(क) स्थिर पूँजी रुः

(ख) चालु पूँजी रुः

६. उद्योगको वर्गः लघु उद्यम/ घरेलु उद्योग/ साना उद्योग/ मझौला उद्योग/ ठूला उद्योग

७. उद्योग सञ्चालन हुने सिफ्ट सङ्ख्याः

८. आवश्यक विद्युत शक्तिः

९. उद्योग सञ्चालन दिन (प्रति वर्ष):

१०. उद्योगले उत्पादन गर्ने वस्तु वा सेवाको प्रकारः

११. आवश्यक पर्ने जनशक्तिः

१२. उद्योग सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार सुरु गर्नु पर्ने अवधिः

१३. उत्पादन क्षमताः

१४. अन्यः

प्रमाणित गर्ने अधिकृतको:

नाम:

पद:

हस्ताक्षर:

मिति:

उद्योग दर्ता गर्ने निकायको छाप

नोटः उद्योगले पालना गर्नु पर्ने शर्तहरू यस प्रमाणपत्रको पछाडि उल्लेख गरिएको छ।

**उद्योग दर्ताको प्रमाण–पत्र पछाडि**

**नवीकरणको विवरण**

| नवीकरण गरेको मिति | नवीकरणको म्याद समाप्त हुने मिति | राजश्व रकम | भौचर नं. | नवीकरण गर्ने अधिकारीको सही छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रचलित कानूनमा तोकिएका शर्तहरूको अतिरिक्त उद्योगले देहाय बमोजिमका शर्तहरू पालना गर्नु पर्नेछः-

१. उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्नु पर्नेछ। विदेशी जनशक्ति आवश्यक पर्ने भएमा श्रम सम्बन्धी प्रचलित कानूनको अधीनमा रही राख्न सकिनेछ।

२. उद्योगमा विदेशी पूँजी लगानी, प्रविधि उपयोग गर्नु परेमा नेपाल सरकारको उद्योग हेर्ने विभागको पूर्व स्वीकृति लिनु पर्नेछ।

३. उद्योग चालु भएपछि उद्योग दर्ता गर्ने निकायमा वार्षिक प्रतिवेदन, कार्य प्रगति र उत्पादन विवरण सम्बन्धी प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। मौसमी (सिजनल) वा अन्य कारणले बन्द रहेको भए कारण खुलाई सूचना गर्नु पर्नेछ।

४. स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनका शर्तहरू पालना गर्नु पर्नेछ।

५. प्रदूषण नियन्त्रण सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारको वातावरण हेर्ने मन्त्रालय तथा अन्य सम्बन्धित निकायले तोकेको शर्तहरू र कार्यविधि अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

६. उद्योगको नाम पहिले दर्ता भएका कम्पनीको नाम, कसैको व्यापारिक नाम वा ट्रेडमार्कसँग मिलेमा नाम संशोधन गर्नु पर्नेछ। उद्योगबाट उत्पादन वा प्रदान गर्ने वस्तु वा सेवामा ट्रेडमार्क प्रयोग गर्ने भएमा प्रचलित बौद्धिक सम्पति सम्बन्धी कानून बमोजिम दर्ता गराएर प्रयोग गर्नु पर्नेछ।

७. उद्योगमा कार्यरत कर्मचारी वा श्रमिकलाई पारिश्रमिक दिंदा अनिवार्य रुपमा बैङ्क खातामार्फत भुक्तानी दिनु पर्नेछ।

८. औद्योगिक प्रतिष्ठानमा लैङ्गिक हिंसा विरुद्धको आचारसंहिता पालना गर्नु पर्नेछ।

९. उद्योग सञ्चालन गर्दा वरिपरिका बासिन्दालाई हानि नोक्सानी नहुने गरी गर्नु पर्नेछ।

## अनुसूची-४

## (नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

## उद्योग सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्ने अवधि

(क) ऊर्जामूलक उद्योग

| क्र.सं. | उद्योगको प्रकृति | अवधि | कैफियत |
|---|---|---|---|
| १. | जलस्रोत, वायु, सौर्यशक्ति, कोइला<br>प्राकृतिक तेल र इन्धन वा ग्याँस, वायोमास वा अन्य स्रोतबाट उत्पादन गर्न प्रयोग गरिने निर्माण गर्ने उद्योग, मेसिन/उपकरण | पाँच वर्ष | |
| २. | प्रदेशभित्र विद्युत प्रसार लाइन | छ वर्ष | |
| ३. | प्रदेशभित्र विद्युत वितरण प्रणाली | चार वर्ष | |
| ४. | वायोग्याँसमा आधारित उर्जा | दुई वर्ष | |
| ५. | चिनी उद्योगको सहउत्पादनको रुपमा उत्पादन हुने विद्युतीय उर्जा | दुई वर्ष | |
| ६. | उर्जाको सम्भाव्यता अध्ययन गर्ने | दुई वर्ष | |
| स्पष्टीकरण: क्रमसङ्खा १ बमोजिमका जलविद्युत उत्पादन गर्ने ५०० मे.वा. सम्मका उद्योगलाई पाँच वर्ष र सो भन्दा बढी क्षमताका उद्योगलाई दश वर्ष। | | | |

(ख) कृषि तथा वन पैदावारमा आधारित उद्योग

| क्र.स. | उद्योगको प्रकृति | अवधि | कैफियत |
|---|---|---|---|
| १. | फलफूल खेती वा फलफूल प्रशोधन | तीन वर्ष | |
| २. | खाद्यवस्तुको उत्पादन प्रशोधन तथा भण्डारण | दुई वर्ष | |
| ३. | पशुपालन, पंक्षीपालन (अष्ट्रिच समेत), पशुपंक्षी प्रजनन, चल्ला काड्ने व्यवसाय र मासु उत्पादन तथा प्रशोधन | तीन वर्ष | |
| ४. | दुध उत्पादन तथा दुग्ध पदार्थ प्रशोधन उद्योग (दुधजन्य परिकार उत्पादन समेत) | दुई वर्ष | |
| ५. | मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ्ग | तीन वर्ष | |
| ६. | रेशम खेती तथा रेशम प्रशोधन | पाँच वर्ष/दुई वर्ष | प्रशोधन-दुई वर्ष |
| ७. | चिया बगान, चिया प्रशोधन | पाँच वर्ष/दुई वर्ष | प्रशोधन-दुई वर्ष |
| ८. | कफी खेती, कफी प्रशोधन | पाँच वर्ष/दुई वर्ष | प्रशोधन-दुई वर्ष |
| ९. | जडीबुटी खेती, जडीबुटी प्रशोधन | पाँच वर्ष/दुई वर्ष | प्रशोधन-दुई वर्ष |

| | | | |
|---|---|---|---|
| १०. | तरकारी बीउ बिजन उत्पादन | दुई वर्ष | |
| ११. | हरित गृह (ग्रिन हाउस) स्थापना र सञ्चालन | दुई वर्ष | |
| १२. | मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन) | दुई वर्ष | |
| १४. | पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादन समेत) | दुई वर्ष | |
| १५. | नर्सरी व्यवसाय | दुई वर्ष | |
| १६. | रवर खेती, रवरको प्रारम्भिक प्रशोधन र सञ्चालन | पाँच वर्ष/दुई वर्ष | प्रशोधन- दुई वर्ष |
| १७. | शीत भण्डार, कृषि बजार स्थापना तथा सञ्चालन | पाँच वर्ष/दुई वर्ष | प्रशोधन- दुई वर्ष |
| १८. | सामुदायिक, कबुलियती, साझेदारी, कृषि र निजी वनको स्थापना र व्यवस्थापन | पाँच वर्ष | |
| १९. | नगदेबालीको व्यावसायिक खेती तथा प्रशोधन (जस्तैः उखु, कपास, सनपाट, सजिवन, स्वीट, सरघम, स्टेभिया, रेवौडिएन, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेहलन, मसलाबाली, दलहन आदि तथा तिनको बीउ उत्पादन) | तीन वर्ष/दुई वर्ष | प्रशोधन- दुई वर्ष |
| २०. | बेत, बाँस खेती र बेत बाँस तथा अन्य प्राकृतिक रेशाजन्य उत्पादन | तीन वर्ष | |
| २१. | वनस्पती उद्यान स्थापना र व्यवस्थापन | तीन वर्ष | |
| २२. | वनस्पती प्रजनन व्यवसाय (टिस्यु कल्चर समेत) | तीन वर्ष | |
| २३. | अन्य गैर काष्ठजन्य वन पैदावारमा आधारित | दुई वर्ष | |
| २४. | कृषि उपज प्रमुख कच्चा पदार्थ हुने पशुपंक्षीको दाना उत्पादन गर्ने उद्योग | दुई वर्ष | |
| २५. | बीउ बिजन प्रशोधन | दुई वर्ष | |
| २६. | सःमिल, फर्निचर लगायतका काष्ठ उद्योग | दुई वर्ष | |
| २७. | पार्केटिङ, सिजनिङ, ट्रिटमेन्ट प्लान्ट, प्लाइउड, कम्पोजिट बोर्डजस्ता काष्ठजन्य उद्योग | दुई वर्ष | |
| २८. | कागज रेजिन लगायत अन्य गैर काष्ठजन्य वन पैदावारमा आधारित उद्योग | दुई वर्ष | |
| २९. | च्याउ, नयाँ प्रविधिद्वारा बिरुवा उत्पादन गर्ने उद्योग (टिस्यू कल्चर), एग्रो फरेष्ट | दुई वर्ष | |
| ३०. | कपास खेती, कपास र कपासको बिउ उत्पादन तथा प्रशोधन गर्ने | दुई वर्ष | |

(ग) खनिज उद्योग

| क्र.स. | उद्योगको प्रकृति | अवधि | कैफियत |
|---|---|---|---|
| १. | अति महत्वपूर्ण खनिज तथा पेट्रोलियम पदार्थ उत्खनन् वा प्रशोधन गर्ने जस्ता उद्योग बाहेक अन्य खनिज उत्खनन वा उत्पादन गर्ने उद्योग | तीन वर्ष | |

**स्पष्टीकरण:** यस तालिकामा अति महत्वपूर्ण खनिज पदार्थ भन्नाले १. सुन २. सामरिक महत्वको खास खनिज (रियर अर्थ र रेडियोधर्मी खनिजः युरेनियम, प्लाटिनियम, थेरियम) ३. अर्ध किमत्ती तथा किमत्ती पत्थर (हिरा, रुवी, सफायर, इमरल्ड, कोरण्डम) सम्झनु पर्छ।

(घ) पूर्वाधार उद्योग

| क्र.स. | उद्योगको प्रकृति | अवधि | कैफियत |
|---|---|---|---|
| १. | सडक, पुल, सुरुङ् | पाँच वर्ष | |
| २. | रोपवे, ट्राम, ट्रलिबस, मोनोरेल र स्लाईडिङ्गकार | तीन वर्ष | रेलवे-पाँच वर्ष |
| ४. | औद्योगिक संरचना एवं पूर्वाधार कम्पलेक्स | तीन वर्ष | |
| ५. | सभा सम्मेलन केन्द्र | दुई वर्ष | |
| ६. | खानेपानी आपूर्ति तथा वितरण | तीन वर्ष | |
| ७. | सिँचाइ पूर्वाधार | तीन वर्ष | |
| ८. | खेलकुद गृह, रङ्गशाला | दुई वर्ष | |
| ९. | सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह | दुई वर्ष | |
| १०. | निर्यात प्रशोधन क्षेत्र | तीन वर्ष | |
| ११. | विशेष आर्थिक क्षेत्र | तीन वर्ष | |
| १२. | कार्गो कम्प्लेक्स | तीन वर्ष | |
| १३. | प्रदूषित पानी प्रशोधन उद्योग (वेष्ट वाटर ट्रिटमेण्ट प्लाण्ट) | दुई वर्ष | |
| १४. | घर तथा आवास भवन | तीन वर्ष | |
| १५. | फिल्म सिटि निर्माण, फिल्म स्टुडियो निर्माण | तीन वर्ष | |
| १६. | व्यापारिक कम्प्लेक्स | तीन वर्ष | |
| १७. | निजी वेयरहाउस | तीन वर्ष | |
| १८. | उर्जा घर तथा उर्जा प्रसारण लाइनको पूर्वाधार निर्माण, व्यवस्थापन तथा सञ्चालन | तीन वर्ष | |

(ङ) पर्यटन उद्योग

| क्र.स. | उद्योगको प्रकृति | अवधि | कैफियत |
|---|---|---|---|
| १. | पर्यटन आवास, मोटेल, होटेल, रिजोर्ट, बार तथा रेष्टुराँ | दुई वर्ष | १०० बड |

| | | | |
|---|---|---|---|
| | | | भन्दा बढी भएको होटेल- तीन वर्ष |
| २. | ट्राभल एजेन्सी, टुर अप्रेटर, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज र स्पा | एक वर्ष | |
| ३. | साहसिक पर्यटनः ट्रेकिङ, स्किइङ्ग, वाटर र्‍याफ्टिङ्ग, क्यानोनिङ, हिमाल आरोहण, घोडचढी, हात्तीचढी, बञ्जी जम्पिङ्ग, जिपफ्लायर, स्काइवाकिङ्ग स्काइडाइभिङ्ग र यस्तै प्रकारका अन्य साहसिक खेल | एक वर्ष | |
| ४. | गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा र साइक्लिङ | एक वर्ष | |
| ५. | ग्रामीण पर्यटन, होमस्टे तथा पर्यावरणीय पर्यटन र कृषि पर्यटन | एक वर्ष | |
| ६. | सांस्कृतिक, धार्मिक सभा सम्मेलन तथा खेलकुद पर्यटन | एक वर्ष | |
| ७. | मनोरञ्जन पार्क र वाटर पार्क | दुई वर्ष | |
| ८. | वन्यजन्तु आरक्ष | तीन वर्ष | |
| ९. | केबुलकारको निर्माण गरी सञ्चालन गर्ने उद्योग | पाँच वर्ष | |
| १०. | सङ्ग्रहालय | तीन वर्ष | |

(च) सूचना प्रविधि, सञ्चार प्रविधिमा तथा सूचना प्रसारण प्रविधिमा आधारितः

(अ) सूचना प्रविधि उद्योग

| क्र.स. | उद्योगको प्रकृति | अवधि | कैफियत |
|---|---|---|---|
| १. | टेक्नोलोजी पार्क | दुई वर्ष | |
| २. | आई.टी.पार्क | दुई वर्ष | |
| ३. | वायोटेक पार्क | दुई वर्ष | |
| ४. | सफ्टवेयर विकास | एक वर्ष | |
| ५. | कम्प्यूटर तथा सो सँग सम्बन्धित सेवाहरू | एक वर्ष | |
| ६. | तथ्याङ्क प्रशोधन | एक वर्ष | |
| ७. | साइवर क्याफे | एक वर्ष | |

| | | | |
|---|---|---|---|
| ८. | डिजिटल म्यापिङ्ग | एक वर्ष | |
| ९. | विजिनेस प्रोसेस आउटसोर्सिङ्ग (वि.पि.ओ.), नलेज प्रोसेस आउटसोर्सिङ्ग (के.पि.ओ.) | एक वर्ष | |
| १०. | डाटा सेन्टर, डाटा माइनिङ्ग, क्लाउड कम्प्यूटिङ्ग | एक वर्ष | |
| ११. | डिजिटल सिग्नेचर सर्टिफाइङ एजेन्सी | एक वर्ष | |
| १२. | वेब पोर्टल, वेब डिजाइन सेवा, वेब होस्टिङ्ग र अनलाइन वर्गीकृत विज्ञापन सेवा | एक वर्ष | |

(आ) सञ्चार प्रविधिमा आधारित

| क्र.स. | उद्योगको प्रकृति | अवधि | कैफियत |
|---|---|---|---|
| १. | इन्टरनेट सर्भिस प्रोभाइडर | एक वर्ष | |
| २. | टेलिफोन, मोबाईल टेलिफोन, मोबाईल स्याटलाइट टेलिफोन, फोन अपरेटर सेवा | तीन वर्ष | |
| ३. | टेलिपोर्ट सेवा | तीन वर्ष | |
| ४. | ब्रोडव्याण्ड पूर्वाधार, टेलिकम टावर, अप्टिकल नेटवर्क, स्याटलाइट नेटवर्क | दुई वर्ष | |
| ५. | सामाजिक सञ्जाल, अनलाइन म्यासेज, भिडियो कल र कन्फरेन्स | एक वर्ष | |

(इ) प्रसारण प्रविधिमा आधारित

| क्र.स. | उद्योगको प्रकृति | अवधि | कैफियत |
|---|---|---|---|
| १. | एफ.एम.रेडियो, डिजिटल रेडियो सेवा | एक वर्ष | |
| २. | डिजिटल भू-सतही टेलिभिजन, स्याटलाइट टेलिभिजन, केबुल टेलिभिजन | एक वर्ष | |
| ३. | आइ.पी.टेलिभिजन स्याटलाइट टेलिभिजन, केबुल टेलिभिजन | एक वर्ष | |
| ४. | डिजिटल केबुल टेलिभिजन नेटवर्क, डाइरेक्ट टू होम ( डी.टि.टिभी.) नेटवर्क | एक वर्ष | |
| ५. | रेकर्डिङ स्टुडियो, प्रसारण स्टुडियो | एक वर्ष | |
| ६. | छापा सञ्चार (प्रिन्ट मिडिया) उद्योग, श्रव्यदृष्य (अडियो भिजुअल) सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग | एक वर्ष | |
| ७. | चलचित्र वा वृत्तचित्र उत्पादन | दुई वर्ष | |

(छ) सेवामूलक उद्योग

| क्र.स. | उद्योगको प्रकृति | अवधि | कैफियत |
|---|---|---|---|
| १. | यान्त्रिक कार्यशाला (वर्कशप) | एक वर्ष | |
| २. | छापाखाना तथा छपाइ सम्बन्धी सेवा | एक वर्ष | |
| ३. | पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवा | एक वर्ष | |
| ४. | जिनिङ्ग तथा बेलिङ्ग व्यवसाय | एक वर्ष | |
| ५. | प्रदर्शनी सेवा | एक वर्ष | |
| ६. | सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय | एक वर्ष | |
| ७. | निर्माण व्यवसाय | एक वर्ष | |
| ८. | सार्वजनिक यातायात व्यवसाय | एक वर्ष | |
| ९. | फोटोग्राफी | एक वर्ष | |
| १०. | अस्पताल | तीन वर्ष | १०० बेड भन्दा माथि भएको अस्पताल-पाँच वर्ष |
| ११. | नर्सिङ्ग होम, क्लिनिक, पोलिक्लिनिक, पुनःस्थापना गृह सञ्चालन, फिजियोथेरापी क्लिनीक, आयुर्वेद वा अन्य वैकल्पिक अस्पताल | तीन वर्ष | १०० बेड भन्दा माथि भएको नर्सिङ्गहोम-पाँच वर्ष |
| १२. | शिक्षण एवम् प्रशिक्षण संस्था | तीन वर्ष | प्रशिक्षण-एक वर्ष |
| १३. | पुस्तकालय, अभिलेखालय तथा सङ्ग्रहालय सेवा | एक वर्ष | |
| १४. | शारीरिक व्यायम, योगध्यान तथा अभ्यास केन्द्र सञ्चालन | एक वर्ष | |
| १५. | प्रयोगशाला | एक वर्ष | |
| १६. | खेलकुद सेवा, स्विमिङ पुल | एक वर्ष | |
| १७. | शीत भण्डार सञ्चालन | एक वर्ष | |
| १८. | हाउस वायरिङ्ग इलेक्ट्रीकल फिटिङ्ग र मर्मत | एक वर्ष | |
| १९. | फोहोरमैला सङ्कलन तथा सरसफाइ, फोहरमैला पुनःप्रशोधन | एक वर्ष | |
| २०. | घर जग्गा खरिद गरी भूमि विकास गरी बिक्री गर्ने व्यवसाय | एक वर्ष | |

| | | | |
|---|---|---|---|
| २१. | निर्माण सम्बन्धी भारी उपकरण (हेभी इक्वीपमेण्ट) भाडा, मर्मत तथा सञ्चालन | एक वर्ष | |
| २२. | पशु चिकित्सा सेवा | एक वर्ष | |
| २३. | ब्याट्री रिचार्जिङ्ग | एक वर्ष | |
| २४. | स्वास्थ्य परीक्षण (एक्स-रे, सिटी स्क्यान, एम.आर.आइ, अल्ट्रासाउन्डजस्ता सेवा) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला | एक वर्ष | |
| २५. | निर्माण भइसकेका पूर्वाधारको सञ्चालन गर्ने (जस्तैः सभा सम्मेलन भवन, खानेपानी आपूर्ति सम्बन्धी पाइप लाइन, गोदामघर तथा भण्डारण, बसपार्क, रङ्गशाला, स्पोर्टस् कम्पलेक्स रोपवे सडक) | एक वर्ष | |
| २६. | सिँचाइ, विद्युत प्रशारण, विद्युत गृह, रेलवे सेवा, कार्गो कम्प्लेक्स, इनल्याण्ड क्लियरेन्स डिपो (आई.सि.डि.) जस्ता सेवा सञ्चालन गर्ने व्यवसाय | एक वर्ष | |
| २७. | खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य | एक वर्ष | |
| २८. | कपडा तथा धागो रङ्गाइ, साइजिङ्ग र कपडा छपाइ (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक) | एक वर्ष | |
| २९. | प्याकेजिङ्ग | एक वर्ष | |
| ३०. | कुरियर सेवा | एक वर्ष | |
| ३१. | ड्राइक्लिनिङ्ग व्यवसाय | एक वर्ष | |
| ३२. | व्यूटी पार्लर | एक वर्ष | |
| ३३. | आन्तरिक सजावट (इण्टरियर डेकोरेशन) | एक वर्ष | |
| ३४. | सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय | एक वर्ष | |
| ३५. | प्रकाशन सेवा | एक वर्ष | |
| ३६. | विज्ञापन सेवा | एक वर्ष | |
| ३७. | विज्ञापन सामग्री तयार गर्ने सेवा | एक वर्ष | |
| ३८. | आमसञ्चार सेवा | एक वर्ष | |
| ३९. | टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलिफिलम उत्पादन तथा प्रसारण | एक वर्ष | |
| ४०. | माटो परीक्षण (स्वाइल टेष्टिङ्ग) सेवा | एक वर्ष | |

| | | | |
|---|---|---|---|
| ४१. | स्वास्थ्य (हेल्थ) क्लब | एक वर्ष | |
| ४२. | पानी प्रशोधन, ढुवानी तथा वितरण सेवा | एक वर्ष | |
| ४३. | प्राणीशास्त्र सम्बन्धी (जुलोजिकल), भूशास्त्र सम्बन्धी (जियोलोजिकल), जीवप्रविधि (बायोटक) सम्बन्धी बगैंचा (पार्क) सञ्चालन | एक वर्ष | |
| ४४. | सिनेमा हल, थियटर (मल्टिप्लेक्स समेत) | एक वर्ष | |
| ४५. | व्यापारिक सम्बर्द्धन सेवा (विजिनेस इन्क्यूवेसन सर्भिस) | एक वर्ष | |
| ४६. | व्यापारिक परिसर (ट्रेडीङ बिजनेश कम्प्लेक्स) सञ्चालन | एक वर्ष | |
| ४७. | वैदेशिक रोजगार सेवा | एक वर्ष | |
| ४९. | विद्युत सर्वेक्षण | एक वर्ष | |
| ५०. | सरसफइ सेवा | एक वर्ष | |
| ५१. | सिलाइ बुनाइ (बुटिक समेत) | एक वर्ष | |
| ५२. | खनिज अध्ययन तथा अनुसन्धान | एक वर्ष | |
| ५३. | विद्युतीय माध्यम (अनलाइन वा सफ्टवेयर वा एप्स वा यस्तै अन्य प्रकारको माध्यम) को प्रयोग गरी सर्वसाधारणलाई सेवा उपलब्ध गराउने उद्योग व्यवसाय | एक वर्ष | |
| ५४. | मेसिनरी उपकरण भाडामा उपलब्ध गराउने (लिजिङ सेवा) | एक वर्ष | |
| ५५. | प्रशोधन वा प्रक्रिया नगन्य रुपमा हुने कट टु लेन्थ सिट, फोटो फिल्म स्लिटिङ्ग, फोटो, पेपर स्लिटिङ्ग, टिस्यु पेपर स्लिटिङ्ग, बल बियरिङ्ग एसेम्बली तथा बल्क रुपमा तयारी सामान आयात गरी रिप्याकिङ्ग गर्ने जस्ता सेवा व्यवसाय | एक वर्ष | |
| ५६. | कपडा तथा यार्न डाइङ, यार्न साइजिङ्ग र कपडामा प्रिन्टिङ्ग गर्ने व्यवसाय (कपडा बुन्ने उद्योगले आफ्नै प्रयोजनको लागि गरेकोमा बाहेक) | एक वर्ष | |
| ५७. | व्यावसायिक रुपमा गरिने पशु चिकित्सा सेवा | एक वर्ष | |
| ५८. | सर्भिस अपार्टमेन्ट | एक वर्ष | |
| ५९. | फुडकोर्ट, क्याटरिङ | एक वर्ष | |

| | | | |
|---|---|---|---|
| ६०. | उपकरण मर्मत तथा जडान, रेडिमिक्स कंक्रिट, निर्यात गृह, प्रविधि तथा आविस्कार केन्द्र, सुविधायुक्त कार्यालयस्थल प्रदान गर्ने सेवा | एक वर्ष | |
| ६१. | लगानी (इन्भेष्टमेन्ट) कम्पनी | दुई वर्ष | |
| ६२. | अनुसन्धान तथा विकास सेवा | एक वर्ष | |
| ६३. | ढुवानी तथा कार्गो व्यवसाय सेवा | एक वर्ष | |
| ६४. | भन्सार एजेन्ट सेवा | एक वर्ष | |

(ज) उत्पादनमूलक उद्योग

| क्र.स. | उद्योगको प्रकृति | अवधि | कैफियत |
|---|---|---|---|
| १. | सिमेन्ट उत्पादन गर्ने | तीन वर्ष | चुनढुङ्गामा आधारित वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) पाँच वर्ष |
| २. | प्लाष्टिकका सामान उत्पादन गर्ने | दुई वर्ष | |
| ३. | ईटा, टायल उत्पादन गर्ने | दुई वर्ष | |
| ४. | फलामे छड उत्पादन गर्ने | दुई वर्ष | |
| ५. | ब्याट्री (ड्राट वा वेट सेल) उत्पादन गर्ने | दुई वर्ष | |
| ६. | रासायनिक मल उत्पादन गर्ने | दुई वर्ष | |
| ७. | प्राङ्गारिक मल उत्पादन गर्ने | दुई वर्ष | |
| ८. | लुब्रिकेन्ट्स उत्पादन गर्ने | दुई वर्ष | |
| ९. | चिनी उत्पादन गर्ने | तीन वर्ष | |
| १०. | खाँडसारी (सख्खर) उत्पादन गर्ने | दुई वर्ष | |
| ११. | राइस मिल | दुई वर्ष | |
| १२. | मैदा मिल | दुई वर्ष | |
| १३. | तेल मिल | दुई वर्ष | |
| १४. | दाल मिल | दुई वर्ष | |
| १५. | फ्रुट जुस उत्पादन गर्ने | दुई वर्ष | |
| १६. | सफ्ट ड्रिङ्क उत्पादन गर्ने | दुई वर्ष | |
| १७. | पशुपंक्षीका दाना उत्पादन गर्ने | दुई वर्ष | |
| १८. | एलोपेथिक औषधी उत्पादन गर्ने | दुई वर्ष | |
| १९. | आयुर्वेदिक औषधी उत्पादन गर्ने | दुई वर्ष | |
| २०. | पशुपंक्षीका औषधी उत्पादन गर्ने | दुई वर्ष | |

| | | | |
|---|---|---|---|
| २१. | एसिड, अल्काली र अन्य केमिकल उत्पादन गर्ने | दुई वर्ष | |
| २२. | स्प्रिट उत्पादन गर्ने | तीन वर्ष | |
| २३. | सलाई उत्पादन गर्ने | दुई वर्ष | |
| २४. | मैनबत्ती, अगरबत्ती उत्पादन गर्ने | एक वर्ष | |
| २५. | प्रिफेब्रिकेशनका सामान उत्पादन गर्ने | एक वर्ष | |
| २६. | ग्रिल, फलामका सामान उत्पादन गर्ने | एक वर्ष | |
| २७. | जस्ता पाता उत्पादन गर्ने | दुई वर्ष | |
| २८. | अन्य खाद्य प्रशोधन चाउचाउ, चिया, चिजबल्स जस्ता वस्तु उत्पादन गर्ने | दुई वर्ष | |
| २९. | इलेक्ट्रोनिक सामान उत्पादन गर्ने | दुई वर्ष | |
| ३०. | इलेक्ट्रिक सामान उत्पादन गर्ने | दुई वर्ष | |
| ३१. | बिजुलीको तार (केबुल) उत्पादन गर्ने | दुई वर्ष | |
| ३२. | तार जाली उत्पादन गर्ने | दुई वर्ष | |
| ३३. | साबुन, स्याम्पु, वासिङ पाउडर उत्पादन गर्ने | दुई वर्ष | |
| ३४. | छाला प्रशोधन गर्ने | दुई वर्ष | |
| ३५. | रङ्गरोगन उत्पादन गर्ने | दुई वर्ष | |
| ३६. | फोम उत्पादन गर्ने | दुई वर्ष | |
| ३७. | धागो, कपडा रङ्गाई, छपाई गर्ने | दुई वर्ष | |
| ३८. | धुलाई गर्ने, डाई गर्ने | दुई वर्ष | |
| ३९. | प्रिन्टिङ प्रेस | दुई वर्ष | |
| ४०. | कागज, पल्प पेपर उत्पादन गर्ने | तीन वर्ष | |
| ४१. | स्टेशनरीका सामान उत्पादन गर्ने | एक वर्ष | |
| ४२. | पानी प्रशोधन गर्ने | दुई वर्ष | |
| ४३. | टायर, टयुब, रबर प्रशोधन गर्ने | तीन वर्ष | |
| ४४. | बिटुमिन तथा बिटुमिन इमल्सन उत्पादन गर्ने | दुई वर्ष | |
| ४५. | हाड, सिङ, खुरको रासायनिक प्रशोधन गर्ने | दुई वर्ष | |
| ४६. | काठ मिल, फर्निचर उत्पादन गर्ने | दुई वर्ष | |
| ४७. | प्लाइउड उत्पादन गर्ने | दुई वर्ष | |
| ४८. | कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योग | तीन वर्ष | |

## अनुसूची-५

**(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)**

**उजुरीको ढाँचा**

श्री ............................................... मन्त्रालय,

गण्डकी प्रदेश, पोखरा।

विषयः उजुरी सम्बन्धमा।

उपर्युक्त विषयमा मैले/हामीले मिति .................... मा उद्योग दर्ताको लागि निवेदन दिएकोमा .............. उद्योग दर्ता गर्ने निकायको मिति .............. को निर्णयबाट उद्योग दर्ता गर्न अस्वीकार भएको हुँदा सो उपर आवश्यक कारबाहीको लागि गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० को नियम ५ को उपनियम (१) बमोजिम उजुरी निवेदन पेश गर्दछु/गर्दछौं ।

निवेदकको, -
नाम, थरः
ठेगानाः
दस्तखतः
मितिः

द्रष्टव्यः निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातः

(क) उद्योग दर्ता गर्ने निकायले गरेको निर्णयको प्रतिलिपि,
(ख) उद्योग दर्ताका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गरेको विवरण र कागजातको प्रति,
(ग) आफ्नो उजुरीको व्यहोरा पुष्टि गर्ने अन्य प्रमाण कागजात।

**अनुसूची-६**

**(नियम ७ को उपनियम (२) सँग सम्बन्धित)**

**उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थपको लागि दिइने निवेदनको ढाँचा**

श्री .......................................

.........................................।

विषयः उद्योग सञ्चालन/व्यावसायिक उत्पादन/कारोबार प्रारम्भ गर्ने अवधि थप गरिदिने सम्बन्धमा ।

उपर्युक्त विषयमा मिति ................ मा दर्ता भएको मेरो/हाम्रो ..................... उद्योगले देहायका कारणले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेकोले सो अवधि मिति ...................... सम्मको लागि थप गरिदिनुहुन निवेदन गर्दछु/गर्दछौं।

१. उद्योग स्थापनाका लागि हालसम्म भए गरेका कार्यहरुः

(क) ....................

(ख) ....................

२. उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ हुन नसक्नुका कारणहरुः

(क) ...................

(ख) ...................

३. उद्योग सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न भएका पहलहरुः

(क) ...................

(ख) ...................

निवेदकको, -

हस्ताक्षरः

नाम, थरः

ठेगानाः

पदः

फोन/मोबाईल नम्बरः

फ्याक्स नम्बरः

इमेलः

**अनुसूची-७**
**(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)**

**उद्योग स्थानान्तरणको लागि दिइने निवेदनको ढाँचा**

मितिः...........................

श्री............................................,

.................................... ।

विषयः उद्योग स्थानान्तरणको स्वीकृति सम्बन्धमा ।

महोदय,

........................ मा मिति .................. मा दर्ता भएको ............ प्रदेश .............. जिल्ला ................. नगरपालिका/गाउँपालिका वडा नं. ..... मा स्थापना तथा सञ्चालन गर्ने गरी/सञ्चालन भइरहेको यस उद्योग देहायका कारणले गर्दा गण्डकी प्रदेश ........ जिल्ला ............... नगरपालिका/गाउँपालिका वडा नं. .... मा स्थानान्तरण गर्नु पर्ने भएकोले गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० को नियम ९ को उपनियम (१) बमोजिम यस निवेदनसाथ संलग्न गर्नु पर्ने कागजात र विवरण संलग्न राखी स्थानान्तरणको स्वीकृतिको लागि अनुरोध गर्दछु/गर्दछौं।

उद्योग स्थानान्तरण गर्नु पर्ने कारणहरूः

१. .....................................
२. .....................................
३. .....................................

निवेदकको, -

उद्योगको छाप

हस्ताक्षरः

नाम/थरः

ठेगानाः

फोन/मोवाईल नम्वरः

इमेलः

**अनुसूची-८**

**(नियम ९ को उपनियम (२) सँग सम्बन्धित)**

**उद्योग स्थानान्तरणको स्वीकृति पत्रको ढाँचा**

मितिः .......................

श्री ..............................,

..................................।

विषयः उद्योग स्थानान्तरणको स्वीकृति सम्बन्धमा ।

महाशय,

तपाईले मिति .................... मा दिनु भएको निवेदनउपर कारबाही हुँदा ....... प्रदेश ......... जिल्ला ................ नगरपालिका/गाउँपालिका वडा नं. ..... मा रहेको .................. नामको उद्योगलाई ......... प्रदेश ........ जिल्ला ............ नगरपालिका/गाउँपालिका वडा नं. .... मा स्थानान्तरण गर्नको लागि यस ............ को मिति ............ निर्णयअनुसार स्थनान्तरणको स्वीकृति दिने निर्णय भएकोले देहायको शर्तको अधीनमा रही गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० को नियम ९ को उपनियम (२) बमोजिम उद्योग स्थानान्तरणको स्वीकृति प्रदान गरिएको छ ।

कार्यालयको छाप

स्वीकृति दिने अधिकारीको,-

नामः

पदः

हस्ताक्षरः

मितिः

शर्तहरुः

१. उद्योग स्थानान्तरणको स्वीकृति प्राप्त भएको मितिले छ महिनाभित्र उद्योग सञ्चालन गर्नु पर्नेछ।
२. वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ।
३. ..................... (अन्य शर्तहरू) ............................।

## अनुसूची-९

## (नियम १० को उपनियम (१) सँग सम्बन्धित)

## उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तनको लागि दिने निवेदनको ढाँचा

मितिः .....................

श्री ..................................,

........................................ ।

विषयः पूँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तन सम्बन्धमा ।

महोदय,

गण्डकी प्रदेश..............जिल्ला........................गाउँपालिका/नगरपालिका वडा नं. ..... मा ..........................उद्देश्यमा रहेको.........................नामको उद्योग मिति .............. मा स्थापना भई मिति.................. देखि सञ्चालन भएको र यस उद्योगको सम्बन्धमा देहाय बमोजिमको विवरणमा परिवर्तन वा हेरफेर गर्न आवश्यक भएकोले गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० को नियम १० को उपनियम (१) मा उल्लिखित कागजात र विवरणसहित यो निवेदन पेश गरेको छु/गरेका छौं। निवेदनमा उल्लेख भएको व्यहोरा साँचो हो। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

परिवर्तन वा हेरफेर गर्नु पर्ने विवरणः

| क्र.सं. | हाल कायम रहेको | परिवर्तन वा हेरफेर गर्नु पर्ने | कारण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

निवेदकको,-

हस्ताक्षरः

नाम, थरः

ठेगानाः

फोन/मोबाइल नम्बरः

इमेलः

उद्योगको छाप

## अनुसूची-१०

**(नियम ९ को उपनियम (१) को खण्ड (ङ), नियम १० को उपनियम (१) को खण्ड (ग), ११ को उपनियम (१) र नियम १२ को उपनियम (१) सँग सम्बन्धित)**

**उद्योगको अद्यावधिक विवरण**

१. उद्योगको नामः

२. ठेगानाः

३. विवरण पेश गरेको अवधिः मिति ..................... देखि .......................... सम्म

४. आर्थिक वर्षः

५. उद्योगको दर्ता मितिः

६. प्रोप्राइटर/साझेदार/सञ्चालकको नामः

७. उद्योग सञ्चालन भएको जम्मा दिनः ....................

८. उद्योग सञ्चालन भएको सुरु मितिः

९. उत्पादन तथा सेवाको विवरणः

| सि.नं. | विवरण | परिमाण | | एकाइ | प्रति एकाइ मूल्य | बिक्री परिमाण (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|
| | | स्वीकृत क्षमता | उत्पादन परिणाम | | | |
| | | | | | | |
| | | | | | | |

१०. कच्चा पदार्थ, केमिकल एवं प्याकेजिङ्ग सामग्रीः

| सि.नं. | विवरण | एकाइ | परिमाण | सरदर एकाइको मूल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

११. उत्पादित सामग्री निकासी गरेको भए

(क) निकासी गरेको मुलुकको नामः ........................

(ख) निकासी परिमाणः................................

(ग) निकासी मूल्यः................

१२. प्रचलित कानून बमोजिम नेपाल सरकारबाट उद्योगले प्राप्त गरेको कुनै सहुलियत, छुट वा सुविधाः

१३. उद्योगले प्रयोग गरेका अन्य आवश्यकताः

| सि.नं. | विवरण | एकाइ | परिमाण | सरदर एकाइको मूल्य |
|---|---|---|---|---|
| १. | पानी | किलो लिटर | | |
| २. | विद्युत माग<br>विद्युत युनिट खपत | केभिए किलोवाट<br>पर आवर | | |
| ३. | इन्धन<br>(क) कोइला<br>(ख) डिजेल<br>(ग) फर्नेश आयल<br>(घ) एल.पि.ग्याँस<br>(ङ) धानको भूस<br>(च) अन्य | मे.टन<br>किलो लिटर<br>लि.मे.टन | | |

१४. उद्योगमा कार्यरत जनशक्तिः

| सि.नं. | विवरण | सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | अपाङ्गता भएका | कुल |
| १. | प्रशासनिक | | | | |
| २. | प्राविधिक | | | | |
| ३. | श्रमिक<br>(क) उच्च दक्ष<br>(ख) दक्ष<br>(ग) अर्धदक्ष<br>(घ) अदक्ष | | | | |

१५. उद्योग सञ्चालन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव न्यूनीकरणको लागि अपनाइएका उपायः

(क)

(ख)

(ग)

(घ)

........................ ..............................

तयार गर्ने स्वीकृत गर्ने

उद्योगको छापः सञ्चालक/व्यवस्थापक

**अनुसूची-११**
**(नियम १३ को उपनियम (१) सँग सम्बन्धित)**
**उद्योग बन्द भएको जानकारी पत्रको ढाँचा**

श्री ..........................,                                        मितिः ......................
...............................।

विषयः उद्योग बन्द भएको जानकारी सम्बन्धमा ।

त्यहाँ कार्यालयमा मिति .................. मा दर्ता भई गण्डकी प्रदेश .......... जिल्ला .................. नगरपालिका/गाउँपालिका वडा नं. .... मा स्थापना तथा सञ्चालन गर्ने गरी/सञ्चालन भइरहेको यस उद्योग देहायको कारणले नियमित रुपमा सञ्चालन गर्न नसकिएको हुनाले मिति ................ देखि आवश्यक रीत पुऱ्याई बन्द गरेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौं।

उद्योग बन्द गर्नु पर्ने कारणहरुः

१. आवश्यक कच्चा पर्दाथ सहज आपूर्ति नभएको,
२. पूँजीको अभाव भएको,
३. बजारको समस्या भएको,
४. आन्तरिक व्यवस्थापनमा समस्या भएको,
५. कामदारको अभाव भएको,
६. उद्योगले पूर्ति गर्न नसकिने मागको कारणले गर्दा कामदार र व्यवस्थापन बीच समस्या उत्पन्न भएको
७. मेशिन उपकरण मर्मत सम्भार गर्न नसकिने गरी बिग्रेको,
८. .......................... (अन्य कारणहरू) .................।

संलग्न कागजात

(क) माथि उल्लिखित उद्योग बन्द गर्नु पर्ने कारण पुष्टि हुने गरी तयार गरिएको प्रतिवेदन,
(ख) गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० को नियम १४ को उपनियम (१) मा उल्लिखित कागजात।

उद्योगको छाप

निवेदकको,-
हस्ताक्षरः
नाम, थरः
ठेगानाः
फोन/मोबाइल नम्बरः
फ्याक्स नम्बरः
इमेलः

**अनुसूची-१२**

**(नियम १४ को उपनियम (१) सँग सम्बन्धित)**

**उद्योगको दर्ता खारेजीको लागि दिइने निवेदनको ढाँचा**

श्री ................................ मितिः.....................

.....................................।

विषयः उद्योगको दर्ता खारेज गरिदिने सम्बन्धमा।

त्यहाँ ............ मा मिति ................ मा दर्ता भई गण्डकी प्रदेश ....... जिल्ला ............. नगरपालिका/गाउँपालिका वडा नं. .... मा स्थापना भई मिति ............... देखि सञ्चालनमा रहेको यस उद्योग मिति ............... देखि बन्द भएकोले गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ को दफा १४ तथा गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० को नियम १३ बमोजिम मिति .................. मा नियम अनुसार जानकारी गराइएकोमा हाल परिस्थितिवश एवं पूर्व उल्लिखित कारणले गर्दा यस उद्योगलाई पुनःसञ्चालनमा ल्याउन नसकिने भएको हुँदा गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ को दफा १३ को उपदफा (२) बमोजिम उद्योगको दर्ता खारेज गरिदिनुहुन अनुरोध गर्दछु/गर्दछौं।

**निवेदकको:**

हस्ताक्षरः

उद्योगको छाप

नाम, थरः

ठेगानाः

फोन/मोबाईल नम्बरः

फ्याक्स नम्बरः

इमेलः

दृष्टव्य: गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० को नियम १४ बमोजिम यस निवेदनसाथ संलग्न गर्नु पर्ने कागजात यसैसाथ संलग्न गरिएको छ।

**अनुसूची-१३**
**(नियम १५ को उपनियम (२) सँग सम्बन्धित)**
**अभिलेख माग गर्ने निवेदनको ढाँचा**

श्री ......................... मितिः .......................

..............................।

**विषयः अभिलेख उपलब्ध गराइदिने सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा त्यहाँ कार्यालयमा मिति .............. मा ....... दर्ता नं. रहेको मेरो/हाम्रो ............ नाउँको उद्योगको निम्न कागजात तथा अभिलेखको विवरण .................. प्रयोजनका लागि आवश्यक परेकोले म उद्योगको सञ्चालक/अख्तियार प्राप्त व्यक्ति भएकोले नियम अनुसार प्रमाणित प्रतिलिपि उपलब्ध गराइदिनुहुन अनुरोध छ।

आवश्यक कागजात अभिलेखको विवरणः

१.

२.

३.

निवेदकको, -
उद्योगको छाप
हस्ताक्षरः
नाम, थरः
ठेगानाः
फोन/मोबाईल नम्बरः
इमेलः

पुनश्चः मेरो अख्तियारनामा वा परिचय पत्रको प्रतिलिपि यसैसाथ संलग्न गरेको छु।

**अनुसूची -१४**
**(नियम १७ को उपनियम (१) सँग सम्बन्धित)**
**उद्योगको वर्गीकरण अद्यावधिक गर्दा दिइने निवेदनको ढाँचा**

श्री ......................... मितिः .....................
..............................।

विषयः उद्योगको वर्गीकरण अद्यावधिक गरिदिने सम्बन्धमा।

महोदय,

त्यहाँ कार्यालयमा मिति ............... मा ....... दर्ता नं. रहेको मेरो/हाम्रो ................ नाउँको उद्योग गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ को दफा १५ को उपदफा (१) बमोजिमको वर्गीकरण अनुसार फरक पर्न गएकोले सोही ऐन बमोजिम वर्गीकरण अद्यावधिक गरिदिनहुन अनुरोध छ।

(क) साविक उद्योगको विवरणः-
(ख) उद्योगको वर्गीकरण हुन चाहेको विवरणः-

उद्योगको छाप

हस्ताक्षरः
नाम, थरः
ठेगानाः
फोन/मोबाईल नम्बरः
फ्याक्स नम्बरः
इमेलः

द्रष्टव्यः गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० को नियम १७ को उपनियम (१) बमोजिम यस निवेदनसाथ संलग्न गर्नु पर्ने कागजात यसैसाथ संलग्न गरिएको छ।

**अनुसूची-१५**
**(नियम १९ को उपनियम (५) सँग सम्बन्धित)**
**<u>उद्योग अनुगमन तथा निरीक्षण फाराम</u>**

निरीक्षण मितिः ....................

१.उद्योगको नामः

२.उद्योग रहेको स्थान, ठेगानाः

३.फोन/फ्याक्स नं.

४.उद्योग दर्ता गर्ने

(क) उद्योग दर्ता गर्ने निकायको नामः

(ख) उद्योग दर्ता नं.

(ग) उद्योग दर्ता मितिः

५.उद्योगको स्वीकृत पूँजीः

| विवरण | लगानीको बाँडफाँट | | | विदेशी लगानीको हकमा लगानीकर्ता (व्यक्ति/संस्था) को नाम र देश |
|---|---|---|---|---|
| | स्वदेशी लगानी रु. | बिदेशी लगानी रु. | जम्मा रु. | |
| स्थिर पूँजी | | | | |
| चालु पूँजी | | | | |
| कूल पूँजी | | | | |

६.उद्योगको स्तरः ठूला ☐ मझौला ☐ साना ☐

७.लघु/घरेलुः

८.उद्योगको अवस्थाः

(क) उद्योग सञ्चालनमा आएको मितिः

(ख) वर्तमान उद्योग सञ्चालन स्थितिः

(ग) सिफ्ट सङ्ख्या प्रतिदिनः

(घ) उद्योग सञ्चालन जम्मा दिन वर्षः

९. उद्योगको उद्देश्यः

१०. विद्युत क्षमताः

११. कर्मचारी/कामदार सङ्ख्याः

| सि.नं. | विवरण | | नेपाली | | गैह्र नेपाली | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | पुरुष | महिला | |
| १ | कर्मचारी | प्रशासनिक | | | | | |
| २ | कामदार | दक्ष | | | | | |
| | | अर्धदक्ष | | | | | |
| | | अदक्ष | | | | | |

१२. क्षमताः क) स्वीकृत वार्षिक क्षमताः

ख) हालको वार्षिक उत्पादन क्षमताः

१३. उत्पादन हुने वस्तुः

१४. मुख्य तथा सहायक कच्चा पदार्थः

१५. गत वर्षको उद्योगको उत्पादन तथा बिक्री विवरणः

१६. राजश्व सम्बन्धी विवरणः

| राजश्व विवरण | गत आ.व. | चालु आ.व. |
|---|---|---|
| मूल्य अभिवृद्धि कर | | |
| आयकर | | |
| अन्य कर | | |
| जम्मा | | |

१७. मुख्य मेसिनरी उपकरणको विवरणः

१८. विस्तृत उत्पादन प्रक्रियाः

१९. सहायक उत्पादन (बाईप्रोडक्ट) केही भएमा मात्रः

२०. उद्योगको जग्गा र भवनको विवरणः

| विवरण | जग्गा (क्षेत्रफल) | भवन (संख्या) |
|---|---|---|
| आफ्नै स्वामित्वमा भएको | | |
| भाडामा | | |

२१. उद्योगले आफ्नो उत्पादन निर्यात गरेको भए सोको विवरणः

२२. उद्योगको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्दा तोकिएका वातावरणका लागि गर्नुपर्ने कार्य गरे/नगरेकोः

२३. उद्योगको नाममा रहेको औद्योगिक सम्पत्ति (पेटेण्ट, डिजायन, टेडमार्क) र तिनीहरूको व्यावसायिक प्रचलन भए नभएकोः

२४. उद्योगको साइनबोर्ड भए/नभएकोः

२५. उद्योग निरीक्षणमा देखिएका अन्य कुराहरु:

२६. उद्योगीको भनाइ:

२७. कैफियत:

२८. निरीक्षण कर्ताबाट कुनै निर्देशन दिइएको भए सोको संक्षिप्त विवरण:

| | |
|---|---|
| उद्योगीको नाम: | निरीक्षण कर्ताको नाम: |
| दर्जा: | दर्जा: |
| हस्ताक्षर: | हस्ताक्षर: |
| मिति: | कार्यालयको नाम: |
| उद्योगको छाप: | मिति: |

**अनुसूची-१६**

**(नियम २५ को उपनियम (१) सँग सम्बन्धित)**

**रुग्ण उद्योगको पहिचानको लागि दिइने निवेदनको ढाँचा**

श्रीमान सचिवज्यू,

..................................... मन्त्रालय,

गण्डकी प्रदेश, पोखरा।

विषयः रुग्ण उद्योगको रुपमा पहिचान गराइदिने सम्बन्धमा ।

महोदय,

उपर्युक्त विषयमा देहाय बमोजिमका विवरण र कागजात संलग्न गरी गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ को दफा ३४ तथा औद्योगिक व्यवसाय नियमावली, २०८० को नियम २५ बमोजिम रुग्ण उद्योगको रुपमा पहिचानको लागि निम्नलिखित विवरण र कागजात सहित यो निवेदन पेश गरेको छु/छौं ।

संलग्न विवरण र कागजात:

१. नगद घाटा/वित्तीय घाटा विवरण,
२. पूँजी र ऋणको विवरण,
३. तिर्नु पर्ने ऋणको साँवा र ब्याज,
४. उत्पादन क्षमता र हालको अवस्था,
५. सूचीकृत भएका उद्योगको शेयरको बजार मूल्य,
६. पारबिन्दु (ब्रेक इभन प्वाइन्ट) भन्दा तल्लो अवस्थामा कारोबार भएको भए सोको परिमाण,
७. श्रम समस्याका कारण सञ्चालन हुन नसकेकोमा सोको कारण,
८. प्राकृतिक प्रकोप वा अन्य काबु बाहिरको अवस्था परेको भए सोको विवरण,
९. उद्योगले रुग्ण हुनुभन्दा पहिले रोजगारी सिर्जना वा आयात प्रतिस्थापन वा निर्यात प्रवर्द्धन गरी विदेशी मुद्रा आर्जनमा गरेको योगदान,
१०. उद्योगको लेखा परीक्षण प्रतिवेदन र उद्योगको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
११. उद्योगको दर्ता प्रमाणपत्रको प्रतिलिपि,
१२. उद्योगले उद्योग सञ्चालनका लागि लिएको कर्जाको विवरण,
१३. उद्योगको चल अचल सम्पत्ति र दायित्व सम्बन्धी विवरण,
१४. सूचनामा तोकिएका अन्य विवरण ।

उल्लिखित विवरण ठीक साँचो हो, झुट्टा ठहर कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको, -

उद्योगको छाप

हस्ताक्षरः

नाम, थरः

ठेगानाः

फोन/मोबाईल नम्बरः

इमेलः

आज्ञाले,

कुमान सिंह गुरुङ

प्रदेश सरकारको सचिव ।

मुद्रक : गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.१००।-